**अल्जाइमर्सका बिरामीलाई सहयोग गरौं**
- अल्जाइमर्स प्रायः ज्येष्ठ नागरिकमा देखिने रोग हो।
- वंशज, धूमपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ।
- यो रोगको प्रारम्भमा बिस्तारै बिर्सिंदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता लक्षण देखिन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर २९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 15 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०५

## सरकारी समर्थन मूल्य कम भएपछि किसानहरू उत्साही भएनन्

ओमप्रकाश चौधरी, सेढवा, २८ मङ्सिर/

पर्सा जिल्लामा यस वर्ष धान उत्पादन गत वर्षको तुलनामा घटेको छ तर धानको मूल्य भने बढेको छ।



कृषि ज्ञान केन्द्र, पर्साका सूचना अधिकारी सुरेन्द्र कुर्मीले गत वर्षको तुलनामा धान उत्पादन कम भएको बताए।

उनले ४७ हजार १३० हेक्टर जग्गामा गत वर्ष गरिएको धानखेतीबाट दुई लाख १२ हजार ८५ मेट्रिक टन धान उत्पादन भएको तर त्यत्तिकै जग्गामा यस वर्ष एक लाख ९७ हजार ९४६ मेट्रिक टन मात्र धान उत्पादन भएको बताए।

उनले गत वर्ष धान उत्पादन दर प्रतिहेक्टर साढे चार मेट्रिक टन रहेको र यस वर्ष चार दशमलव दुई मेट्रिक टन धान उत्पादन भएको बताए।

स्थानीय किसानका अनुसार यस वर्ष धानको मूल्य गत वर्षको तुलनामा बढेको छ। एक महीनाअघि व्यापारीले खेतबाटै सोना मन्सुली प्रतिक्वीन्टल दुई हजार आठ सयमा खरीद गरेको तर दुई सातादेखि सोही धानको मूल्य प्रतिक्वीन्टलमा एक हजारले बढेको बताए।

किसानले जानकारी गराए अनुसार मङ्गलवारसम्म वीरगंजको बजारमा प्रतिक्वीन्टल सोना मन्सुली तीन हजार आठ सय, मनी मन्सुली तीन हजार सात सयमा बिक्री भएको थियो। बुधवारदेखि धानको मूल्यमा फेरि गिरावट आइरहेको किसानहरूले बताएका छन्। वीरगंजमा भारतीय धान भित्रिएपछि धानको मूल्यमा गिरावट आउन शुरू भएको किसानहरूको भनाइ छ। बुधवार र बिहीवार गरी दुई दिनमा दुई सय रुपैयाँ प्रतिक्वीन्टलमा गिरावट आएको छ।

सरकारले भने यस वर्ष सोना मन्सुली प्रतिक्वीन्टल तीन हजार ३६२ रुपैयाँ र जीरा मसिनो प्रतिक्वीन्टल तीन हजार पाँच सय रुपैयाँ समर्थन मूल्य तोकेको छ। सोही आधारमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीले पर्साका किसानहरूसँग गत शनिवारदेखि धान खरीद गर्न शुरू गरेको छ। तर सरकारले तोकेको समर्थन मूल्यभन्दा बढीमा बजारमा धान बिक्री भइरहेको कारण किसानहरू अहिलेसम्म खाद्य व्यवस्था तथा व्यापार कम्पनीमा धान बिक्रीका लागि गएका छैनन्।

**सञ्चय गर्नेहरूको सङ्ख्या बढी**

पर्साका किसानहरूले अहिले धानको बिक्री आवश्यकता पूरा गर्नका लागि मात्र गर्दै आएका छन् भने अधिकांशले सञ्चय गरिरहेका छन्। गहुँलगायतका बालीका लागि आवश्यक मल, बीउबिजन, खेत खनजोतका लागि आवश्यक पर्ने रकमको जोहो गर्नका लागि किसानहरूले धान बिक्री गरिरहेका छन् भने त्यस कार्यबाहेक धान सञ्चय गरिरहेका छन्। सञ्चय गर्नुको कारण धानको मूल्य अहिलेको भन्दा पछि बढ्ने अनुमान गरेर हो।

एकथरी किसानहरूले भने स्थानीय व्यापारीलाई आगामी वैशाखमा हुने धानको मूल्य अनुसार लेनदेन गर्नेगरी बिक्री गरेको पाइएको छ।

अहिले उत्पादित धान स्थानीय व्यापारीलाई बुझाउने किसानहरूले व्यापारीसँग आगामी वैशाखमा धानको जुन मूल्य हुन्छ, सोही अनुसार भुक्तानी पाउने गरी बिक्री गरेको एकजना किसानले बताए।

## क्षतिपूर्ति माग गर्दै कलैयामा प्रदर्शन

प्रस, सिम्रौनगढ, २८ मङ्सिर/

तलब माग गर्दै धर्नामा बसेका सिम्रौनगढ नगरपालिकाका शिक्षकहरू र प्रहरीबीच हिजो भएको झडपमा प्रहरीले चलाएको गोली लागेर मृत्यु भएका लक्ष्मी मुखिया बिनको परिवारलाई क्षतिपूर्ति माग गर्दै बिहीवार सिम्रौनगढवासीले कलैयामा प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय, बारामा ज्ञापन बुझाएका छन्।

उता सिम्रौनगढमा भने शिक्षकहरू आज नपाको गेटमा धर्नामा बस्न सकेनन्। हिजो दिउँसोदेखि तनाव भएपछि नपा कार्यालय क्षेत्र प्रहरीले आफ्नो नियन्त्रणमा राखेको छ।

सामुदायिक विद्यालय बन्द गरेर धर्नासहितको आन्दोलन गर्दै आएका शिक्षकहरूसँग हिजो दिउँसो दुई बजे नगरप्रमुख किशोरीप्रसाद कलवारले प्रमुख प्रशासकीय अधिकृत महेश मिश्रलाई कार्यालयभित्र लैजाने क्रममा विवाद बढेपछि झडप भएको थियो, जसमा प्रहरीले चलाएको गोली लागेर २५ वर्षीय युवक बिनको घटनास्थलमा नै मृत्यु भएको थियो भने एकजना खुट्टामा गोली लागेर घाइते भएका थिए। घटनामा १० जना प्रहरी र चारजना वृद्ध, बालक सामान्य घाइते भएका थिए।

सिम्रौनगढ नपा अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत करार, अस्थायी र बालविकासका शिक्षक, कर्मचारीहरूले १४ महीनादेखि तलब नपाएको भनेर ५८ दिनदेखि धर्ना दिँदै आएका छन् भने बेलाबेलामा विरोध प्रदर्शन गर्दै आएका छन्। उनीहरूको धर्नामा पाँच महीनादेखि तलब नपाएका स्थायी शिक्षक, कर्मचारीहरूले गत बिहीवारदेखि समर्थन जनाएर आन्दोलनलाई थप ऊर्जा दिएका थिए। एक सातादेखि सो नपाका विद्यालयहरूको पठनपाठन बन्द छ।

**पत्रकारहरूको विरोध**

यसैबीच जिल्लामा घटेका घटनाको सूचना सही समयमा बारा प्रहरीले सञ्चारकर्मीहरूलाई उपलब्ध नगराउने गरेको भन्दै नेपाल प्रेस युनियन, बाराले बिहीवार विज्ञप्ति जारी गरी प्रहरी प्रमुख सुरेशप्रसाद काफ्लेको आलोचना गरेको छ।

युनियनका बारा जिल्ला अध्यक्ष श्यामबाबु यादवले विज्ञप्ति जारी गर्दै सूचना अधिकारीले सूचना नदिने, फोन नउठाउने र प्रहरी उपरीक्षक काफ्लेले सिम्रौनगढ घटना सम्बन्धमा हिजो समाचार लिन गएका सञ्चारकर्मीहरूसँग दुर्व्यवहार गरेको भन्दै बारा प्रहरीको यो कार्यशैलीको विरोध गरेका छन्। उनले हिजोको घटना नदोहोऱ्याउन प्रउ काफ्लेलाई चेतावनी दिएका छन्।

## लाइटरको मूल्याङ्कन घटाउन माग

प्रस, परवानीपुर, २८ मङ्सिर/

सरकारले एक साताअघि ग्याँस लाइटरको आयातमा बढाएको मूल्याङ्कन दरको वीरगंजका व्यवसायीले विरोध गरेका छन्।

वीरगंजका व्यवसायीहरूको साझा सङ्गठन वीरगंज उद्योग वाणिज्य सङ्घले बुधवार पत्रकार सम्मेलन गरी सरकारी रवैयाको विरोध गरेको छ। अध्यक्ष



अनिल अग्रवालले सरकारले गलत तरीकाबाट लाइटर आयातमा मूल्याङ्कन बढाएको आरोप लगाए। उनले सरकारको यो रवैयाबाट व्यावसायीहरूलाई निकै मर्का परेको बताए। उनले लाइटरको तस्करी बढेको आशङ्कामा सरकारले मूल्याङ्कन दर बढाउनु उचित नभएको गुनासो गरे। उनले अरू कुनै विकल्पको बाटो नरोजेर सरकारले मूल्याङ्कन दर हचुवाको भरमा बढाएको आरोप लगाए। उनले मूल्याङ्कन दर बढाउनु अघि नेपाली आयातकर्ताहरू तेस्रो मुलुक चीनबाट हजार थानको एक कार्टुन आयात हुने ग्याँस लाइटरको ४० अमेरिकी डलर खरीद मूल्य पठ्याँ तर अब सरकारले मूल्याङ्कन दर ५० प्रतिशत अर्थात प्रतिकार्टुन ४० बाट २० डलर बढाएर ६० डलर बनाएको बताए। यसैको विरोधमा वीरगंजका आयातकर्ताहरू उत्रेका हुन्। आयातकर्ताहरूले एक सातादेखि आयातित लाइटरको जाँचपास गराएका छैनन्। एक कन्टेनरमा करीब १३ लाख रुपैयाँको आर्थिक भार व्यवसायीमाथि परिरहेकोले जबसम्म निर्णय सच्चाएर पुरानो दररेट कायम हुन्न, तबसम्म जाँचपास नगर्ने अध्यक्ष अग्रवालले बताए। उनले सरकारको यो निर्णयको विरोधमा व्यवसायीहरूले नयाँ एलसी खोल्न पनि बन्द गरेको बताए।

सरकारको गलत नीतिकै कारण अहिले सुक्खा बन्दरगाह, वीरगंज भन्सारमा ३० वटा कन्टेनर, बाटोमा ३० वटा कन्टेनर गरी ६० वटा कन्टेनर भन्सार जाँचपास नगरेर राखिएको उनले बताए। उनले अन्तर्राष्ट्रिय बजार मूल्य अध्ययन गरेर सरकारले मूल्याङ्कन गर्नुपर्नेमा सो नगरी हचुवाको आधारमा लाइटर आयातमा मूल्याङ्कन बढाएको

(बाँकी अन्तिम पातामा)

## चाँडै चिम्नी बालेको भन्दै विपक्षीद्वारा कामदारमाथि कुटपिट

प्रस, परवानीपुर, २८ मङ्सिर/

चाँडै ईंटा उद्योग बाल्ने काम गरेको भन्दै ईंटा भट्टामा काम गर्ने चिम्नीका कामदारमाथि कुटपिट भएको समाचार सार्वजनिक भएको छ।

पर्सागढी नगरपालिका–७ चैनपुरस्थित सुपर ईंटा उद्योगका कामदारलाई स्थानीय ईंटा उद्योगका सञ्चालकहरूले मानिस लगाएर कुटपिट गराएको सार्वजनिक भएको छ। मङ्सिर २६ गते मध्यरातमा ईंटाभट्टामा कार्यरत सातजना कामदारमाथि प्रतिस्पर्धी ईंटाभट्टा उद्योगका सञ्चालकको इशारामा कुटपिट भएको प्रहरीमा उजुरी परेको छ।

चाँडै ईंटा पकाए भने पछि पर्ने ईर्ष्या राखेर कामदारमाथि कुटपिट गरी लखेट्ने कार्य भएको थियो। आक्रमण गर्नेहरूले ईंटाभट्टाको आगो निभाउनसमेत प्रयास गरेको सुपर ईंटा उद्योगका सञ्चालक सरोजकुमार यादवले बताए। उनले भट्टाको आगो निभाउन सफल भएको भए आफूलाई लाखौं मूल्यको क्षति हुने बताए। उनले ईंटा उद्योगमा कार्यरत कामदारमाथि कुटपिट गर्नेमाथि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, पर्सामा उजुरी गरेको बताए।

सुपर ईंटाका सञ्चालक यादवले शान्ति सुरक्षा र आवश्यक कारबाहीको माग गर्दै पर्साको सोना ईंटा उद्योग, पचरुखीका सञ्चालक वीरगंज महानगरपालिका–२२ मनियारी बस्ने ओमप्रकाश यादव, शिवम् ईंटा उद्योग फुलवरियाका सञ्चालक जीतेन्द्र मिश्र, प्रीति ईंटा उद्योग, डोकैलाका सञ्चालक सुरेन्द्र ठाकुर, अनमोल ईंटा उद्योग, डोकैलाका सञ्चालक बृजमोहन साह रौनियार र एभिएस ईंटा उद्योग, चैनपुरका सञ्चालक रोहित यादवलाई विपक्षी बनाइ उजुरी दिएको बताए। जिल्ला प्रहरी कार्यालय, पर्साले वडा प्रहरी कार्यालय, श्रीपुरलाई आवश्यक समस्या समाधान गर्न पत्र काटेको छ।

सुपर ईंटा उद्योगका सञ्चालक यादवले आफूले लाखौं रुपियाँ खर्च गरी वर्षातुभन्दा अगावै ईंटा उत्पादन गर्न खोज्दा केही महीनादेखि अवरोध सिर्जना हुँदै आएको र हाल आएर आफ्ना कामदारहरूमाथि अचानक आक्रमण हुनु निन्दनीय कार्य भएको बताए।

ईंटाभट्टा बालेकोमा विरोध थियो भने छलफल गरी समस्या समाधान गर्न सकिन्थ्यो, उनले भने, तर केही ईंटा उद्योगका सञ्चालकहरूको ईंटा बिक्री नभएकोले रिस साधेका हुन्, आफूलाई घाटामा पुऱ्याउन यो सबै षड्यन्त्र भएको हो। कुटपिट गरेर ईंटाभट्टाका कामदारलाई भारततर्फ लखेटिएको उजुरीमा उल्लेख छ। साथै काम गर्न आएमा ज्यान मार्ने धम्कीसमेत सञ्चालकका बाउन्सरहरूले दिएका थिए। थोरै ईंटा उत्पादन गरेर बढी मूल्यमा बिक्री गर्ने मनसाय राख्नेहरूले घटना गरेको उनको आरोप छ।

गत वर्ष ढिलो गरी ईंटाभट्टा सञ्चालन हुँदा पर्सा–बाराका सयौं ईंटा उद्योगको करोडौं मूल्यको क्षति भएको थियो। गत वर्षको घटनाबाट पाठ सिकेर यस वर्ष समयमै ईंटाभट्टा सञ्चालन गरिएको उनले बताए। सङ्घले भने आगामी माघ २५ गतेपछि मात्र ईंटाभट्टा सञ्चालनको लागि इजाजत दिएको छ। यसअघि भने पर्सा र बारामा सञ्चालित ईंटा उद्योगहरूले कहिले चिम्नी बाल्ने, निभाउने र कति ईंटा बिक्री गर्ने भन्ने बारेमा आधिकारिक निर्णय नहुने गरेको बताइएको छ। जसलाई जहिले मन लाग्यो, अवस्था बन्यो भट्टा चलाउने काम हुँदै आएको थियो। यस वर्ष ईंटाको माग बढी हुने आकलन गरी पहिले उत्पादित सञ्चित ईंटा खपत गराउनका लागि प्रपञ्च रचिएको एकथरी ईंटा उद्योगीको गुनासो छ। पर्सामा ३० र बारामा ९० गरी कुल १२५ ईंटा उद्योग सञ्चालित रहेको बारा–पर्सा ईंटा व्यवसायी सङ्घले जनाएको छ।

सङ्घका अध्यक्ष ओमप्रकाश यादवले चैनपुरको घटनाबारेमा आफू पनि जानकार रहेको तर त्यहाँका कामदारमाथि कुटपिट नभएको दाबी गरे। सङ्घको निर्णय नमान्दा सुपर ईंटा उद्योगका सञ्चालक यादवलाई आफूहरूले पटकपटक ईंटाभट्टा सञ्चालनमा रोक लगाएको उनले स्वीकारे। उनले प्रशासनमा आएको उजुरी अनुसार छलफलमा सहभागी भएर समस्या समाधानको लागि आफूहरूले पहल गर्ने बताए। उनले ईंटाभट्टाका कामदारहरूलाई कुटपिट गरेर भगाएको कुरा सान्दर्भिक नभएको र सबैजना काम गरिरहेको बताए।

## सरस्वती माविमा अनियमितता भएको उजुरी

प्रस, रौतहट, २८ मङ्सिर/

सरस्वती माध्यमिक विद्यालय पिपरा भलोहियामा अनियमितता भएको आरोप लगाउँदै शिक्षकले अख्तियारमा उजुरी दिएका छन्।

दुर्गाभगवती गाउँपालिका–२ स्थित सरस्वती माध्यमिक विद्यालय, पिपरा भलोहियाका तत्कालीन प्रधानाध्यापकले विभिन्न शीर्षकमा लाखौं रकम अनियमिता गरेको भन्दै विद्यालयका शिक्षक विपिनकुमार पाण्डेले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडामा उजुरी दिएका थिए। विद्यालयका तत्कालीन प्रअ यदुनी दासले विभिन्न शीर्षकमा अनियमितता गरेको उजुरीमा उल्लेख छ।

२०७९ मङ्सिर महीनामा सरुवा भएर अनोहोतीलाल माध्यमिक विद्यालय वसन्तपट्टीमा कार्यरत प्रअ यदुनी दासले विद्यालयको रकम पटकपटक गरेर आफ्नो नाममा रहेको बैंक खातामा हाल्न लगाएको उजुरीमा उल्लेख छ।

तत्कालीन प्रअ दासले विद्या मन्दिरको नाममा छ लाख, जानकी पुस्तक पसलको नाममा रु ७५ हजार, आफ्नो नाममा रु २५ हजार, सुलभ ट्रेडर्सको नाममा रु १९ हजार, यदुनी दासको नाममा रु २० हजार, खरिदार अग्रजकुमार पाण्डेयको नाममा रु ८२ हजार ६६२, सुस्ती इलेक्ट्रोनिक्सको नाममा रु ९८ हजार ९७१, जानकी पुस्तक पसलको नाममा अढाई लाख, प्रियांशु पुस्तक पसलको नाममा अढाई लाख, यदुनी दासको नाममा रु १२ हजार ५१०, खरिदार अग्रजकुमार पाण्डेयको नाममा रु एक लाख ४९ हजार चार सय, रु एक लाख ५२५१ निकासा गरी अनियमितता गरेको उजुरीमा उल्लेख छ। यस सम्बन्धमा प्रअ दासले निर्णय भएर खर्च भएको बताए। उनले विद्यालयमा कुनै अनियमितता नभएको केवल इबी साधन उजुरी गरिएको बताए।

## विचारसार र सूक्तिहरू

**सफलता चुक्नुको निश्चित तरीका अवसर चुक्नु हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# विकास निर्माणका बाधक

**मधेस प्रदेशसभाका सदस्यहरूको महत्त्वपूर्ण योजना अन्तर्गत एक क्षेत्र एक सडक योजना ठेकेदारका कारण अलपत्र अवस्थामा छ । सङ्घीय सरकारको वित्तीय समानीकरणको कोष अन्तर्गत मधेस प्रदेश सरकारले सडक निर्माणका लागि शिवाको कन्स्ट्रक्सन प्रालिलाई ठेक्का दिएको थियो । उक्त निर्माण कम्पनीले सकार गरेको ठेक्काको हालसम्म सरदर १५ प्रतिशत मात्र काम गरेको छ । जबकि यो ठेक्काको समाप्ति अवधि यही पुस मसान्तसम्म मात्रै हो । समस्या मधेसको मात्रै होइन । सङ्घीय राजधानी काठमाडौंदेखि प्रदेश राजधानीहरू र विभिन्न गाउँघरसम्म सञ्चालनमा आएका विकास निमार्णका काम तीव्र गतिमा अगाडि बढ्न सकेको छैन । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सांसद तथा मन्त्रीहरू ठेकेदार कम्पनीलाई दोष देखाउँछन् भने ठेकेदार कम्पनीहरूले सरकारलाई दोष देखाउँछन् । धेरैजसो योजनाहरूमा काम गर्ने वातावरण नबनाएकै कारण निर्माणमा ढिलाइ भएको ठेकेदारहरू बताउँछन् ।**

**महत्त्वपूर्ण सडक, पुल, विभिन्न परियोजना लथालिङ्ग छन् । केही विकासे परियोजनामा आशावादी काम भएपनि अधिकांश परियोजनामा शुरू भएका काम सकिएका छैनन्, शुरू गर्नुपर्ने काम शुरू नै भएका छैनन् । देशभरका सडक, पुलदेखि विकासका आयोजनाका काम रोकिने अवस्थामा पुगेका छन् । सरकारबाट मोबिलाइजेशन शुल्क लिने तर काम नगर्ने धेरै ठेकेदार कम्पनीका कारण सरकारकै आलोचना भइरहेको छ । मोबिलाइजेशन शुल्कलाई अरू नै प्रयोजनमा लगाएर बढी मुनाफा लिने दाउमा निर्माण कम्पनीका ठेकेदारहरूले सरकारलाई ठगिरहेको आरोप पनि समाजका विभिन्न पक्षबाट आइरहेका छन् । तोकिएकै समयमा नेपालमा भौतिक पूर्वाधार निर्माण कमै हुने गरेका छन् । निर्माण कम्पनीहरूसमेत राजनीतिक शक्तिकेन्द्रको निकट रहेकै कारण काम नगर्ने ठेकेदारलाई कारबाही हुँदैन । मधेसमा एक क्षेत्र एक सडक निर्माण कार्यमा निर्माण कम्पनीका ठेकेदारले एक करोड रुपैयाँ पेश्की रकम बुझिसकेको तर काम भने पेश्की रकम बराबर पनि नभएको पूर्वाधार कार्यालयले प्रस्ट पारिसकेको छ । कारबाईको लागि यति स्पष्ट आधार हुँदाहुँदै पनि सरकार मौन रहनुले धेरै कुरा छर्लङ्ग हुन्छ ।**

**ठेकेदारहरूले काम सकार्ने तर समयमैं नसक्ने कारणले सरकारको समेत आलोचना भइरहेको छ । ठेक्का सकार गर्नेदेखि काम थालनी तथा योजना सम्पन्नसम्म सरकारी संयन्त्रको रूपमा रहेको कर्मचारीको मिलेमतो रहन्छ । सोही कारण पनि ठेकेदार कारबाहीबाट उम्किरहेका छन् । काम गर्न सक्ने हैसियत नभएका कम्पनीहरूले पनि राजनीतिक पहुँच र कर्मचारी मिलेमतोका कारण महत्त्वपूर्ण योजनाहरू हात पार्ने गरेका छन् । ठेक्का हात पार्न कतिपय साना कम्पनीले ठूलासँग मिलेर टेन्डरमा भाग लिने र ठेक्का हात पारेपछि फेरि अर्को सानो ठेकेदारलाई जिम्मा लगाएर हिंड्ने प्रचलन नेपालका निर्माण व्यवसायीमा छ । मुआवजा विवाद, अदालतको स्टे अर्डर, सडक पोल, खानेपानी ढल जस्ता समस्याका कारणसमेत निर्माण व्यवसायीहरूले काम गर्न नसकेको पनि सत्य हो । तर निर्माण कम्पनीहरू समस्या समाधानका लागि सहजीकरण गर्नेभन्दा पनि 'के निहुँ पाउँ र कनिका बुकाउँ'को खोजीमा हुन्छन् । राजनीतिक शक्ति, ठूलो लेनदेनकै कारण ठेक्का पाएका कम्पनीहरूले अटेर गर्नु स्वाभाविक हो । उनीहरूले अटेर गरेको कारण निर्माणको काम रोकिने गरेको छ । जसको सीधा प्रभाव मुलुकको विकास र समृद्धिमा परेको छ ।**

# डिजिटल कनेक्टिभिटीमा सहकार्यको खाँचो

२१औं शताब्दी भनेको सूचना प्रविधिको युग हो । दक्षिण भारतले सूचना प्रविधिको क्षेत्रमा अत्यधिक विकास गरेकै कारण यसका विज्ञहरू पूरै विश्वमा सम्मानित छन् । यसबाट भारतलाई पनि लाभ पुगिरहेको छ । माइक्रोसफ्ट र गूगललगायतका महत्त्वपूर्ण सूचना प्रविधिको प्रमुख रूपमा भारतीय वा भारतीय मूलका नागरिक काम गरिरहेका छन् । उनीहरू जुन देश र संस्थाको निम्ति काम गरे, भारतको निम्ति यो गौरवको विषय अवश्य हुन पुग्छ । नेपाल पनि भारतको नजीकको र बहुआयामिक सम्बन्ध भएको घनिष्ट मित्र राष्ट्र हो, तसर्थ नेपालले पनि यस क्षेत्रमा राम्रो प्रगति गर्न सक्छ । दक्षिण छिमेकी भारत यसको निम्ति सहयोग, सद्भाव र सदाशयताको निम्ति तत्पर रहेको मान्न सकिन्छ । हालै राष्ट्रिय राजधानी काठमाडौंमा भारतीय दूतावास, नेपाल राष्ट्र बैंक, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम र एकीकृत विकास अध्ययन संस्थाद्वारा संयुक्तरूपमा आयोजित कार्यक्रममा अतिथि र वक्ताहरूले पनि यसै आशयका मन्तव्य दिए ।

नेपालकी सञ्चारमन्त्री रेखा शर्माले प्रविधिका क्षेत्रमा सहकार्यका लागि दुवै मुलुकका अधिकारीहरूलाई आग्रह गर्दै नेपाल र भारतबीच डिजिटल सहकार्य बढाउन जोड दिइन् ।

सूचना प्रविधिको उच्चतम प्रयोगमा दक्षिणी छिमेकी भारतको महत्त्वपूर्ण सहयोग रहेको उल्लेख गर्दै उनले आगामी दिनमा पनि भारतीय सहयोगले निरन्तरता पाउने अपेक्षा गरिन् । सूचना प्रविधिको विकास र प्रयोगमा समुन्नत राष्ट्रको रूपमा नेपाललाई विकसित गरिनुपर्नेमा जोड दिंदै उनले मुलुकको समग्र विकासको लागि सरकारले सूचना प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिएको र सार्वजनिक सेवा प्रवाहमा पनि सूचना प्रविधिको प्रयोग बढाइसकेको जानकारी दिइन् । नेपाल डिजिटल रूपान्तरणमा तीव्ररूपमा अघि बढिरहेको जानकारी दिंदै उनले छिमेकी भारतले प्रविधिका क्षेत्रमा गरेको विकास र प्रयोग नेपालका लागि पनि महत्त्वपूर्ण साबित भइरहेको बताइन् । सूचना प्रविधिलाई सरकारले महत्त्वपूर्ण साधनको रूपमा लिएको र प्रत्येक सार्वजनिक निकायले प्रविधिका माध्यमबाट सेवाप्रवाह गर्न शुरू गरिसकेकाले जनताको श्रम र सेवा पनि छिटोछरितो र पारदर्शीरूपमा भइरहेको विश्वास व्यक्त गरिन् ।

भारत-नेपाल डिजिटल कनेक्टिभिटीलाई विशेष महत्त्व दिंदै डिजिटल इकोनोमीमा नयाँपन दिनका लागि डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर (डिपिआर)को रूपान्तरणीय सम्भावनाको खोजी गर्न आयोजित सेमिनारको प्रमुख अतिथिको रूपमा मन्त्री रेखा शर्माले डिजिटल प्रविधि अपनाउने नेपालको प्रतिबद्धतालाई जोड दिंदै प्रविधिको क्षेत्रमा सहकार्य गर्न भारत र नेपालका अधिकारीहरूलाई आग्रह गरिन् ।

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**वर्तमान परिवेशमा पूरा विश्वले नै डिजिटल प्रविधिको मार्ग अपनाएको छ । नेपाल जस्ता देशको निम्ति यसको निकै महत्त्व छ । डिजिटल कनेक्टिभिटीलाई विशेष महत्त्व दिंदै डिजिटल इकोनोमीलाई नयाँण्पन दिनका लागि डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर (डिपिआर)को उपयोग आवश्यक र सान्दर्भिक पनि छ ।**

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले उद्घाटन समारोहमा नेपालका लागि भारतको जी-२० अध्यक्षतामा डिपिआई र डिपिआईको सिस्टमको लागि जी-२० ढाँचाको महत्त्वबारे प्रकाश पार्दै डिजिटल प्रविधिले कसरी देशलाई विकास लक्ष्य हासिल गर्न मदत गर्छ भन्दै यसलाई स्वेच्छिक र डिपिआईका लागि सुझाइएको ढाँचा बताउनुभयो । विकासोन्मुख मुलुकमा प्रविधिको प्रयोग महत्त्वपूर्ण हुने उल्लेख गर्दै प्रविधिको प्रयोगका सम्बन्धमा नेपालसँग सहकार्य गर्न भारत तयार रहेको बताए ।

भारत र नेपालबीच सदिऔंदेखि घनिष्ट एवं मित्रवत् सम्बन्ध रहेको चर्चा गर्दै उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणाको क्रममा भएको दुई पक्षीय सम्झौता कार्यान्वयनको क्रममा रहेको जानकारी गराए ।

प्रतिनिधिसभा सदस्य स्वर्णीम वाग्लेले नेपालबाट विश्व बजारमा सूचना प्रविधिको बिक्री हुन थाल्नु उत्साहप्रद रहेको भन्दै युवा पुस्ता विदेशिने क्रम जारी रहेको अवस्थामा सूचना प्रविधिको क्षेत्रले स्वदेशमा नै रोजगारमा अवसर उपलब्ध गराउने सम्भावना बढाएको बताउँदै कार्यक्रमको आयोजनालाई समयसापेक्ष र आवश्यक बताउनुभयो ।

कार्यक्रममा विज्ञको रूपमा सेन्टर फर डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चरका सहअध्यक्ष तथा युआइडिएआईका पूर्वआर्किटेक्ट डा प्रमोद बर्माले युनिफाइड पेमेन्ट इन्टरफेस, डिजियात्रा करका लागि डिपिआई, एकाउन्ट एग्रिगेट र डिजिटल कर्मशका लागि ओपन नेटवर्क जस्ता भारतका केही उदाहरण दिंदै डिपिआईले दिगो एवं समावेशी आर्थिक विकास सिर्जना गर्न खोजेको भूमिकाबारे चर्चा गर्नुभयो । युएनडिपीका प्रमुख डिजिटल कार्यालयका कार्यवाहक डिपिआई प्रबन्धक बेन्जामिन बटलसनले आफ्नो प्रस्तुतीकरणमार्फत डिपिआईको आवधारणाको जानकारी गराउनुभयो । भारतको डिजिटल सार्वजनिक पूर्वाधार केन्द्रका सहअध्यक्ष प्रमोद बर्माले डिजिटल सार्वजनिक पूर्वाधारको विकास र प्रयोगमा भारत निकै अगाडि रहेको जानकारी दिंदै प्रविधिको सदुपयोगबाट समृद्धि हासिल गर्न सकिने बताउनुभयो ।

पहिलो प्यानल छलफलमा डिजिटल क्रेडेन्सियल र डाटा स्टोरेजका प्रयोगबारे केही उदाहरणाहरू प्रस्तुत गर्दै ई गभर्नेन्सका प्रमुख कार्यकारी अधिकृत दीपेश विष्ट, डिजिटल इन्डिया कर्पोरेशनका प्राविधिक अधिकारी देवव्रत नायक र सेन्टर फर डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चरका सहअध्यक्ष तथा युआइडिएआईका पूर्वआर्किटेक्ट डा प्रमोद बर्माको सम्बोधनले धेरै नयाँ जानकारी प्रदान गरेको थियो । डिपिआई प्रयोगमाथि केन्द्रित पूरै छलफलले सार्वजनिक र सरकारी निकायबीच सम्बन्ध स्थापना हेतु बलियो, भरपर्दो र इन्टरअपरेशनल डाटा शेयरिङ सिस्टमको सम्भावनामाथि पनि जोड दिने काम भएको थियो ।

आइआइडिएसका कार्यकारी निर्देशक डा विश्वास गोयन्काद्वारा सञ्चालित त्यसपछिको प्यानलले डिजिटल कनेक्टिभिटीलाई जोड दिंदै डिजिटल भुक्तानी प्रणालीको वर्तमान अवस्था र भविष्यबारे जानकारी दिनुभयो । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरले डिजिटलाइजेशनलाई प्रवर्द्धन गर्न नेपाल राष्ट्र बैंकले लिएको पहलबारे जानकारी गराउनुका साथै अन्तर्देशीय कनेक्टिभिटीलगायत डिजिटल पेमेन्ट पूर्वाधारलाई अघि बढाउन नेपाल राष्ट्र बैंकको सहयोग रहने विश्वास दिलाउनुभयो ।

युएनसिडिएफ नेपालका राष्ट्रिय कार्यक्रम संयोजकले आर्थिक वृद्धिका लागि डिजिटल पेमेन्टको महत्त्वबारे जानकारी गराउनुभयो भने टुटलका संस्थापक शिक्षित भट्टले डिपिआईले कसरी स्टार्टअपलाई गति दिएको एवं सहयोग गरेकोबारे आफ्नो धारणा राख्नुभयो । नेपाल क्लियरिङ हाउस लिमिटेडका प्रमुख कार्यकारी अधिकृत र भारतीय राष्ट्रिय भुगतान निगमका अन्तर्राष्ट्रिय व्यापार-साझेदारी, व्यापार विकास तथा बजार व्यवस्थापन प्रमुखले अन्तर्देशीय डिजिटल भुगतानमा सहजीकरण गर्न भारतीय राष्ट्रिय भुगतान निगम र नेपाल क्लियरिङ हाउस लिमिटेडबीच सम्पन्न सम्झौताबारे चर्चा गर्नुभयो । दुई देशका जनताको पारस्परिक हितका लागि डिपिआईलाई अघि बढाउन नेपालका विभिन्न सरोकारवालाहरूसँगको सहकार्यलाई निरन्तरता दिने क्रममा भारतीय राजदूतावासले सेमिनारको आयोजना गर्दै आएको थियो ।

वर्तमान परिवेशमा पूरा विश्वले नै डिजिटल प्रविधिको मार्ग अपनाएको छ । नेपाल जस्ता देशको निम्ति यसको निकै महत्त्व छ । डिजिटल कनेक्टिभिटीलाई विशेष महत्त्व दिंदै डिजिटल इकोनोमीलाई नयाँण्पन दिनका लागि डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर (डिपिआर)को उपयोग आवश्यक र सान्दर्भिक पनि छ । नेपालमा सम्पन्न यस सन्दर्भसम्बन्धी सम्मेलनले थप निरन्तरता पाउनुपर्छ ।

# मिथिला कलाको प्रतीकात्मक अर्थबोध

मिथिला चित्रकलामा प्रतीकहरूको प्रयोगले मिथिलाको सम्पूर्ण सांस्कृतिक जीवन परिलक्षित भएको पाइन्छ । मैथिलहरूले हजारौं वर्ष पहिलेबाट उत्सवका लागि चित्रकलालाई विकसित पारेको देखिन्छ । चित्रहरू तान्त्रिक प्रतीकहरूले परिपूर्ण रही जीवनको तान्त्रिक विचारधाराको प्रतिनिधित्व गरिरहेका छन् । कोहवर, अरिपन र पौराणिक कथामा आधारित दृश्य मिथिला चित्रकलामा जनप्रिय रहेका छन् ।

अरिपनको पदचिह्नले सूर्य, चन्द्र तथा पृथ्वीको आत्माको रूप पाइन्छ । सिन्दुरको रातो बिन्दुले प्रकृतिको शक्तिरूपलाई बोध गराउँछ । कोहवरमा वासनात्मक मुद्रा, अरिपनमा शास्त्रोक्त क्रिया पद्धति एवं घरेलु धार्मिक उत्सवहरूका लागि पवित्र ठाउँको प्रतिनिधित्व पनि गरिरहेको छ ।

चित्रहरू पुरातन शैलीका भए तापनि स्पष्टरूपले भाव र प्रतीकमा श्रेष्ठ छन् । चित्रमा मुख सधैं पार्श्व दृश्यमा हुन्छन् भने आँखा अगाडिबाट देखिने हुन्छन् । खुट्टाहरू तिर्यक, लामा चुच्चे नाक र ठूला आँखा भएका अनुहारले मङ्गोलियन प्रभाव निर्मित नदेखाइ आर्य सन्ततिको बोध गराउनु यसको उत्कृष्टता मानिन्छ । आजभोलि पनि मिथिलाका नारीहरू कुनै धार्मिक काम र उत्सवमा आफ्ना घर, भित्ता एवं आँगनमा चित्रहरू बनाउँछन्, बनाइएका चित्रहरू प्राचीन र मध्यकालीन चित्रहरूको जस्तै साधारण हुन्छन् तथा तत्कालीन समयको मिथिलाको पुरातन परम्परालाई जीवितरूपमा देखाउँछन् । मूलरूपमा यो कला नारी वर्गसँग सम्बद्ध छ । यो आश्चर्य तर सत्य हो कि पुरुष वर्गले अपवादरूपमा नै कला साधनामा भाग लिएका छन् ।

विचार



हिमांशु चौधरी

**प्राकृतिक रङ्गहरूमा स्थायित्व हुन्छ भने रासायनिक रङ्गमा स्थायित्वको अभाव देखिएको छ । प्राकृतिक रङ्गहरू घरैमा बनाउने चलन थियो । यसका विषयवस्तुहरूमा मुख्यतया लौकिक, पारलौकिक र प्रतीकात्मक पक्षहरूलाई समेटिएको पाइन्छ ।**

मिथिलाको संस्कृति लोक वैदिक संस्कृति हो । यसको कला परम्परा लोक वैदिक संस्कृतिकै उपज हो, चित्रकला पुस्ताले अर्जित गरेको सम्पत्ति हो र युगानुरूप नयाँ आयाम थपिंदै गएका छन् । विषयवस्तु, रङ्गमा परिवर्तन आए पनि मौलिक संस्कार र प्रवृत्ति अझ पनि त्यसै रूपमा सुरक्षित छ । यस कलाको सांस्कृतिक महत्त्वसहितको इतिहास हर्षवर्द्धन (सन् ६०३-६४३)को समयमा रचित हर्षचरित र नैषद्ध चरित ग्रन्थहरूमा उल्लिखित ग्रहवर्मनको कोहवर भित्ती चित्रमा देवता र कामदेवको चित्र तथा अरिपनहरूको चर्चा पाइन्छ ।

कालिदासको महाकाव्य मेघदूतमा पनि काव्यका चरित्र नायक नवविवाहित यक्षको कोहवर घरको प्रवेश द्वारको भित्तीमा कमल शङ्खका चित्र बनाएको उल्लेख छ । त्यतिखेर विवाहका लागि वरवधूको वरण गरे अनुसार वरको अनुपस्थितिमा वरको प्रतीक फलक (काठ/हात्ती दाँत) बनाएर पडाउने वा मगाएर हेर्ने र यज्ञ वरको चित्र राखेर विवाह गर्ने प्रचलन रहेको पनि तत्कालीन साहित्यमा चर्चा भएको पाइन्छ । यस कलाको प्रशंसात्मक चर्चा १४औं शताब्दीका विद्वान् त्योतिरीश्वरले पनि वर्ण रत्नाकर नामक पुस्तकमा गरेका छन् तर यसको परम्परालाई हेर्ने हो भने अझ प्राचीनकालको हिन्दू सभ्यता र संस्कृतिको स्वर्णिम युगको इतिहासका पानालाई पल्टाउनुपर्ला जस्तो लाग्छ ।

डा उपेन्द्र ठाकुरको 'हिस्ट्री अफ मिथिला' पुस्तकमा भगवान् रामचन्द्रको विवाहमा पनि राजा जनकको दरबारमा भित्ती चित्रहरू बनाइएको उल्लेख छ । मिथिला चित्रकलामा सेतो रङ्ग, अर्बा चामलको पीठो, सिन्दुरी रङ्ग सिन्दुर र बाखीको दूधको मिश्रण, नीलो रङ्ग वनस्पति नील, रातो रङ्ग कुसुम फूल, पीत रङ्ग डोका, घोंघाबाट चुनामा वरगदको दूध मिश्रण, हरियो रङ्ग सिमी वा बेलको पात र कालो रङ्ग जौका खरानी र गाईको गोबर वा बेलको गुंदको मिश्रणको चलन रहेकोमा वर्तमानमा रासायनिक रङ्गले प्रश्रय पाएको छ ।

प्राकृतिक रङ्गहरूमा स्थायित्व हुन्छ भने रासायनिक रङ्गमा स्थायित्वको अभाव देखिएको छ । प्राकृतिक रङ्गहरू घरैमा बनाउने चलन थियो । यसका विषयवस्तुहरूमा मुख्यतया लौकिक, पारलौकिक र प्रतीकात्मक पक्षहरूलाई समेटिएको पाइन्छ । लौकिक विषयवस्तु

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## व्यापार विकासका समस्या

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**अरू बेला पक्ष, विपक्षमा विभाजित भए पनि, एकअर्का विरुद्ध सडक र सदन तताए पनि, भ्रष्टाचार गर्ने बेला, भ्रष्टाचारको मामिलामा एक हुन्छन् । यिनीहरूको मुख र बोली समान हुन पुग्छ । त्यसैले नेपालमा भ्रष्टाचार गर्न निकै सजिलो छ र भ्रष्टाचारीले उन्मुक्ति पाउनु कठिन छैन ।**

नेपालमा भ्रष्टाचार किन र कसरी हुन्छ ?

भ्रष्टाचार आर्थिक विकासको शत्रु हो । कुनै देश जतिसुकै साधन र स्रोतले सम्पन्न भए पनि, यदि त्यहाँ भ्रष्टाचार व्याप्त छ भने त्यो देशले आर्थिक विकास गर्न सक्तैन । त्यसकारण आर्थिक विकासको लागि कुनै पनि देशले सर्वप्रथम भ्रष्टाचार निमुल पार्नुपर्छ, अनि मात्र विकास हुन्छ । भ्रष्टाचार एउटा यस्तो गम्भीर रोग हो, जसले देशलाई मृत्युको मुखमा (टाट पल्टिने स्थितिमा पुऱ्याउँछ । भ्रष्टाचार व्याप्त रहेको देशमा राष्ट्रिय आयको वितरण न्यायिक वा सन्तुलित किसिमले गर्न सकिंदैन । गरीबहरूलाई बाँच्न कठिन हुन्छ । कानून, व्यवस्थासमेत फितलो हुन्छ, इथियोपिया, सोमालिया आदिमा भएजस्तो ।

केही विकसित देशहरूलाई छाडेर कुरा गर्ने हो भने भ्रष्टाचार संसारका लगभग सबै देशमा हुन्छ । मात्रामा केही कम वा बढी होला तर भ्रष्टाचार सबै देशमा हुन्छ नै । तर बढी भ्रष्टाचार भने गरीब देशहरूमा हुन्छ । नागरिक दायित्व कम बोध हुने देशहरूमा हुन्छ ।

भ्रष्टाचारमा सरकारी कर्मचारी, नेता एवं अधिकारप्राप्त व्यक्तिहरू बढी संलग्न रहेको पाइन्छ । भ्रष्टाचार सर्वव्यापी रोग भएको कारणले गर्दा नै 'ट्रान्सपरेन्सी इन्टरनेशनल' नामक एक अन्तर्राष्ट्रिय सङ्गठनको स्थापना गरिएको छ, जसको उद्देश्य संसारका देशहरूमा व्याप्त भ्रष्टाचार कम पार्नु हो । कुनै पनि देशका सम्पूर्ण नागरिकले विकासको प्रतिफल न्यायिक किसिमले पाउने वातावरण सृजना गर्नु हो ।

गैरमुनाफा एवं गैरसरकारी सङ्गठन–ट्रान्सपरेन्सी इन्टरनेशनलको कार्यालय जर्मनीको बर्लिनमा छ । नेपाल पनि ट्रान्सपरेन्सी इन्टरनेशनलको सदस्य रहेको छ । सबैभन्दा कम भ्रष्टाचार हुने १ र सबैभन्दा बढी भ्रष्टाचार हुने १८० भनी विभिन्न देशहरूको श्रेणी गर्दा सबैभन्दा कम भ्रष्टाचार हुने देश (१) डेनमार्क रहेको छ भने सबैभन्दा बढी भ्रष्टाचार हुने देश (१८०) सोमालिया रहेको छ । नेपालको स्थान भने बढी भ्रष्टाचार हुने देश (११०) मा परेको छ ।

अब नेपालमा किन र कसरी भष्ट्राचार हुन्छ त्यसबारे कुरा गरौं । यस विषयमा चर्चा गर्नुपूर्व एउटा प्रमुख कुरा गर्नु प्रासाङ्गिक होला । त्यो प्रमुख कुरा के हो भने नेपालको भ्रष्टाचारको प्रकृति, स्वरूप र पद्धति भने नितान्त अनौठो र फरक किसिमको छ । नेपालमा सरकार, कर्मचारीतन्त्र, नेता र प्रतिपक्ष (संसद्‌को) सबै मिलेर भ्रष्टाचार गर्छन् । अर्थात् कुनै ठूलो भ्रष्टाचार गर्दा यी चारै पक्ष मिल्छन् । अरू बेला पक्ष, विपक्षमा विभाजित भए पनि, एकले अर्काको विरुद्ध सडक र सदन तताए पनि, भ्रष्टाचार गर्ने बेला, भ्रष्टाचारको मामिलामा एकमत हुन्छन् । यिनीहरूको मुख र बोलीसमेत समान हुन पुग्छ । यसै कारणले नेपालमा भ्रष्टाचार गर्न निकै सजिलो छ भने भ्रष्टाचारीले उन्मुक्ति पाउनु कठिन छैन ।

नेपालमा सरकार, नेता, कर्मचारीतन्त्र र प्रतिपक्ष (संसद्‌को) गरी सबै पक्ष मिलेर भ्रष्टाचार गर्ने हुनाले नेपालमा भ्रष्टाचार नियन्त्रण अति नै कठिन हुन पुगेको छ । अर्कोतिर यी चारै पक्ष मिल्ने हुनाले भ्रष्टाचार अति सजिलो पनि हुन पुगेको छ । अहिले अति चर्चित 'एनसेल' प्रकरणले यही कुराको पुष्टि गर्दछ । एनसेल प्रकरणमा सबै पक्ष संलग्न भएको हल्ला छ ।

नेपालको न्याय प्रणालीलाई नेता र प्रशासन (सरकार) ले सजिलै प्रभावित पार्न सक्ने स्थिति रहेकोले नेपालमा भ्रष्टाचार सजिलो र संस्थागत हुन पुगेको छ । नेपालमा भ्रष्टाचार समाजको जीवन पद्धति हुन पुग्नुको अनेक कारणहरूमध्ये एक कारण नेपालको न्याय प्रणाणीमा नेताहरूको गहिरो प्रभाव हुनु हो । नेताहरूले नेपालमा आफूखुशी न्यायालयबाट फैसला गराउन सक्ने क्षमता राख्छन् ।

नेपालमा भ्रष्टाचार अति हुने ठूलो कारण भने राजनीति र चुनाव रहेको छ । हुनत कर्मचारीतन्त्रभित्र पनि भ्रष्टाचार व्याप्त छ । तर मात्राको हिसाबले हेर्ने हो भने ठूलो भ्रष्टाचार राजनीतिक क्षेत्रमा भएको पाइन्छ । नेपालमा अहिले यस्तो विशेष किसिमको सामाजिक वातावरण तयार भएको छ, जस अन्तर्गत राजनीतिमा सक्रिय एवं शक्तिशाली रहन तथा चुनावमा विजय हासिल गर्न पैसा चाहिन्छ नै । राजनीतिमा सक्रिय रहन अर्थात् कार्यकर्ताहरूलाई पाल्न नेताहरूलाई अनिवार्यरूपले पैसा चाहिन्छ । यस कारणले गर्दा कार्यक्रताहरूलाई पाल्न, खुशी राख्न, नेताहरू भ्रष्टाचार गर्छन् । केही अपवाद छाडेर कुरा गर्ने हो भने नेपालमा लगभग सबै नेता भ्रष्टाचार गर्छन् । यसैगरी चुनावमा उठ्न र विजयी हुन पनि नेताहरूलाई पैसा चाहिन्छ । कार्यकर्ता एवं केही मतदाता चुनावमा मत हाल्न नेताहरूसँग पैसा माग्ने हुनाले उनीहरूलाई पैसा दिन पनि नेताहरूले भ्रष्टाचार गर्नुपर्ने बाध्यात्मक स्थिति छ ।

नेपालको चुनाव पद्धति पनि अति नै खर्चिलो छ । मतदाताहरूलाई आफ्नो पक्षमा राख्न तथा उनीहरूले आफूलाई मत दिने स्थिति सृजना गर्न नेता वा चुनावमा भाग लिनेहरूले अनेक किसिमबाट चुनावमा खर्च गर्नुपर्ने हुन्छ । चुनावमा बढी खर्च गर्नुपर्ने भएकोले पनि त्यो रकमको जोहो गर्न नेताहरूले भ्रष्टाचार गर्नुपर्ने हुन्छ । उनीहरूसँग अर्को विकल्प हुँदैन ।

नेपालमा भ्रष्टाचार मौलाउनुको प्रमुख कारण भने हाम्रो समाजले भ्रष्टाचारलाई खराब रूपमा नहेर्नु हो । भ्रष्टाचारीहरूलाई अपराधी नठान्नु हो । उल्टो हाम्रो देशमा भ्रष्टाचारले सामाजिक मान्यता पाएको छ । भ्रष्टाचार गरेर ठूलो पदमा पुगेका नेताहरूको पछाडि लाग्दा हामीलाई लाज लाग्नुपर्ने हो । तर यस्तो हुँदैन, उल्टो गर्व हुन्छ । यसैगरी भ्रष्टाचार गरेर पाँच सातवटा घर बनाउने कुनै कर्मचारीका ती घरहरू हेर्दा हामीलाई घृणा हुनुपर्ने हो, तर त्यस्तो हुँदैन । उल्टो आफूले पनि त्यसैगरी, त्यो नेताले जस्तो, पाँचवटा घर बनाउन पाए जस्तो लाग्छ ।

भ्रष्ट्राचारले हाम्रो समाजमा 'अनुमोदन' पाएको छ, इज्जत पाएको छ; सामाजिक मान्यता पाएको छ । भ्रष्टाचार गर्नुलाई बहादुरीको रूपमा लिने गरिएको छ । यस कारणले गर्दा, केही अपवादबाहेक, हाम्रो समाजमा लगभग सबैजना भ्रष्टाचार गर्न तरल रहेको पाइन्छ । मौका पाए जो कोही भ्रष्टाचार गर्न सक्ने सामाजिक मनोविज्ञान रहेको पाइन्छ ।

हाम्रो समाजको एउटा गजबको रउल्लेखनीय विशेषता छ । हामीकहाँ भ्रष्टाचारको घोर विरोध गर्नेहरू पनि मौका पाउनासाथ भ्रष्टाचारमा संलग्न हुने गरेको पाइएको छ । भ्रष्टाचार गर्ने मौका नमिलेर इमानदार हुनेहरूको सङ्ख्या बाक्लो छ ।

मौका पाउनासाथ चर्चित भ्रष्टाचार विरोधहरू पनि सजिलै भ्रष्टाचारमा संलग्न हुन पुग्छन् । यस्तो हुनुको प्रमुख कारण भ्रष्टाचार गर्नु, घूस लिनुदिनु सामाजिक संस्कृति बन्न पुग्नु हो । सुन्दा तीतो लाग्ला, रिस उठ्ला, हाम्रो सामाजिक यथार्थ के हो भने हाम्रो समाजमा ९० प्रतिशत जति नागरिक भ्रष्टाचार गर्न तरल स्थितिमा रहेका हुन्छन् । मौका पाउन साथ 'शुभ लाभ' गर्छन् । केवल १० प्रतिशत नागरिक यथार्थमा भ्रष्टाचारविरोधी छन् । र उनीहरूको त्यो सद्व्यवहारले गर्दा नै नेपाल अति नै भ्रष्टाचार हुने देशको श्रेणीमा पुगेको छैन ।

माथि भ्रष्टाचार किन र कसरी हुन्छबारे मात्र चर्चा गरियो । नियन्त्रणबारे चर्चा गरिएन । भ्रष्टाचार नियन्त्रणबारे पनि उत्तिकै चर्चा हुनुपर्दछ । नेपालमा हुने भ्रष्टाचार नियन्त्रण गर्न सजिलो भने छैन । कसरी ? नेपालमा प्रतिपक्ष, सरकार, कर्मचारीतन्त्र र नेता गरी यी चारै पक्ष मिलेर भ्रष्टाचार गर्ने भएकाले नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न कठिन छ । यी चार पक्ष मिलेर भ्रष्टाचार गर्ने, जसले भ्रष्टाचारीलाई समात्नु पर्ने हो ऊ नै भ्रष्टाचारीसँग मिल्ने स्थिति रहेकोले नेपालमा भ्रष्टाचार रोक्न नागरिक समाज जागरूक हुन आवश्यक छ । नागरिक समाज वा समूहहरूले भ्रष्टाचार रोक्न अभियान नै सञ्चालन गर्नुपर्छ । भ्रष्टाचारीहरूले सजाय पाउने अवस्था सृजना गर्नुपर्छ । नागरिक समाजले नै भ्रष्टाचारीहरूले गरेको भ्रष्टाचारको प्रमाण जुटाउनुपर्छ, सम्बन्धित ठाउँमा पेश गर्नुपर्छ, सार्वजनिक गर्नुपर्छ । भ्रष्टाचारीहरूले सजाय पाउने अवस्था सृजना गर्नुपर्छ ।

अहिले अति चर्चामा रहेको 'एनसेल भ्रष्टाचार प्रकरण' मा अनेक नेता, प्रशासक, व्यापारीहरू संलग्न भएको देखिएको छ । यो भ्रष्टाचार प्रकरणलाई बाहिर, जनसमक्ष, प्रमाणसहित ल्याएको दाबी अहिले अमरेशकुमार सिंहले गरिरहेका छन् । उनी सांसद भए तापनि नागरिक समाजको अगुवाको रूपमा कार्य गरिरहेका छन् । अमरेश कुमारझैं भ्रष्टाचारको विरोधमा नागरिक समाजका अन्य अगुवाहरू पनि सक्रिय हुनुपर्छ । भ्रष्टाचारीहरूलाई कारबाई गर्न सबैले मिलेर आवाज उठाउनुपर्छ । नागरिक समाजले सक्रियता नदेखाएसम्म नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न कठिन छ । यसैगरी भ्रष्टाचार नियन्त्रण गर्न समान्य जनता पनि जागरूक हुनुपर्छ ।

हुनत अमरेशकुमार सिंह स्वयं पनि अति विवादित व्यक्ति हुन् । उनले भारतको लागि कार्य गरेको आरोप खेप्दै आएका छन् । पुष्पकमल दहालबाट 'भाग नपाएको' ले सिंह दहालको घोर विरोधी हुन पुगेका भन्नेहरू पनि धेरै छन् । तर सिंह जे जस्तो भए तापनि अहिले उनले चर्काएको नारा नेपालको हितमा रहेकोले हामीले अमरेशकुमार सिंहलाई नैतिक समर्थन दिनु नै पर्छ । उनको कार्यको प्रशंसा गर्नु नै पर्छ ।

## चार महीनामा भित्रियो रु चार खर्ब ७७ अर्ब विप्रेषण

काठमाडौं, २८ मङ्सिर/रासस

चालू आर्थिक वर्षको चार महीनामा रु चार खर्ब ७७ अर्ब ९६ करोड बराबरको विप्रेषण मुलुक भित्रिएको छ । नेपाल राष्ट्र बैंकले बिहीवार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा साउनदेखि कात्तिकसम्म विप्रेषण आप्रवाह २६ दशमलव चार प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २० दशमलव चार प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह २३ दशमलव एक प्रतिशतले वृद्धि भई तीन अर्ब ६० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १० दशमलव आठ प्रतिशतले बढेको थियो ।




समीक्षा अवधिमा वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको सङ्ख्या एक लाख ३७ हजार ४७५ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ६८ हजार ८४१ छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः एक लाख ९६ हजार ७३५ र ८७ हजार ४२८ थियो ।

समीक्षा अवधिमा खुद ट्रान्सफर २४ दशमलव नौ प्रतिशतले वृद्धि भई रु पाँच खर्ब २१ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २० दशमलव दुई प्रतिशतले बढेको थियो ।

### विदेशी मुद्राको विनिमय सञ्चिति रु १६ खर्ब ९६ अर्ब कायम

विदेशी मुद्रा सञ्चिति १० दशमलव दुई प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालू आर्थिक वर्षको चार महीनाको विवरण अनुसार गत कात्तिक मसान्तसम्म विदेशी मुद्राको विनिमय सञ्चिति रु १६ खर्ब ९६ अर्ब ७८ करोड पुगेको छ । कुल विदेशी सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु १४ खर्ब ९० अर्ब ८३ करोड बराबर छ ।

केन्द्रीय बैंकका अनुसार २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड रहेको कुल विदेशी विनिमय सञ्चितिमा १० दशमलव दुई प्रतिशतले वृद्धि भई गत कात्तिक मसान्तमा रु १६ खर्ब ९६ अर्ब ७८ करोड पुगेको हो । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८० कात्तिक मसान्तमा आठ दशमलव नौ प्रतिशतले वृद्धि भई १२ अर्ब ७५ करोड पुगेको छ ।

यस्तै, बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक)सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रु एक खर्ब ९३ अर्ब ५९ करोड रहेकोमा २०८० कात्तिक मसान्तमा छ दशमलव चार प्रतिशतले वृद्धि भई रु दुई खर्ब पाँच अर्ब ९५ करोड कायम भएको छ । गत कात्तिक मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१ दशमलव आठ प्रतिशत छ ।

आर्थिक वर्ष २०८०/८१ को चार महीनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १३ दशमलव छ महीनाको वस्तु आयात र ११ दशमलव तीन महीनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

### शोधनान्तर स्थिति रु एक खर्ब ४७ अर्ब ११ करोडले बचतमा

मुलुकबाट बाहिरिनेभन्दा भित्रिने पैसाको मात्रामा क्रमशः वृद्धि भएको पाइएको छ । नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालू आर्थिक वर्षको चार महीनाको विवरण अनुसार यस अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब ४७ अर्ब ११ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु २० अर्ब तीन करोडले बचतमा थियो ।

समीक्षा अवधिमा चालू खाता रु ९६ अर्ब ३८ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु ३७ अर्ब ७९ करोडले घाटामा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २९ करोड ६१ लाखले घाटामा रहेको चालू खाता समीक्षा अवधिमा ७२ करोड ५१ लाखले बचतमा छ ।

समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर ४६ दशमलव छ प्रतिशतले कमी आई रु एक अर्ब ५९ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु तीन अर्ब ६४ करोड छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु दुई अर्ब ९७ करोड कायम भएको थियो भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु ४२ करोड ९२ लाख रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १४ करोड ९६ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा एक अर्ब ११ करोडले बचतमा छ ।

आर्थिक वर्ष २०८०/८१ को चार महीनामा कुल वस्तु आयात तीन दशमलव आठ प्रतिशतले कमी आई रु पाँच खर्ब १२ अर्ब ५० करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा १८ दशमलव एक प्रतिशतले कमी आएको थियो ।

वस्तु आयात गरिने मुलुकका आधारमा भारत र अन्य मुलकबाट भएको आयात क्रमशः दुई दशमलव पाँच प्रतिशत र २७ दशमलव सात प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३४ दशमलव चार प्रतिशतले बढेको छ ।

वस्तुगत आधारमा तयारी पोशाक, एमएस तार, छड, बार तथा क्वाइल, विद्युतीय उपकरण, लत्ताकपडा, हवाईजहाजका स्पेयर पार्टपुर्जालगायतका वस्तुको आयात बढेको छ भने कच्चा सोयाबिन तेल, सुन, पेट्रोलियम पदार्थ, कच्चा पाम तेल, एमएस बिलेटलगायतका वस्तुको आयात घटेका छन् ।

निर्याततर्फ भैरहवा, सुक्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, मेची, रसुवा, तातोपानी तथा त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेका छन् । आयाततर्फ भैरहवा, सुक्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, नेपालगंज, रसुवा तथा तातोपानी भन्सार कार्यालयबाहेकका सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ ।

चालू आवको चार महीनामा कुल वस्तु व्यापारघाटा तीन दशमलव तीन प्रतिशतले कमी आई रु चार खर्ब ६१ अर्ब ९४ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १५ दशमलव नौ प्रतिशतले घटेको थियो ।

## हिमाली क्षेत्रमा मूल्य बढ्यो

काठमाडौं, २८ मङ्सिर/रासस

हिमाली क्षेत्रमा मूल्यवृद्धिको चाप परेको पाइएको छ । नेपाल राष्ट्र बैंकले बिहीवार सार्वजनिक गरेको चालू आर्थिक वर्षको चार महीनाको विवरण अनुसार उपभोक्ता मुद्रास्फीति हिमाली क्षेत्रमा आठ दशमलव ७९ प्रतिशत बराबर पुगेको छ ।

केन्द्रीय बैंकका अनुसार कात्तिक महीनामा काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति छ प्रतिशत बराबर छ । यस्तै, तराईमा चार दशमलव ४२ प्रतिशत, पहाडमा छ दशमलव शून्य सात प्रतिशत र हिमालमा आठ दशमलव ७९ प्रतिशत छ । अघिल्लो वर्षको सोही महीनामा उक्त क्षेत्रमा यस्तो मुद्रास्फीति क्रमशः सात दशमलव ५६ प्रतिशत, आठ दशमलव ५२ प्रतिशत, आठ दशमलव शून्य तीन प्रतिशत र छ दशमलव ६८ प्रतिशत रहेको थियो ।

गैर–खाद्य तथा सेवा समूह अन्तर्गत मनोरञ्जन तथा संस्कृति उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १२ दशमलव ८४ प्रतिशत, विविध वस्तु तथा सेवाको १० दशमलव ७६ प्रतिशत, शिक्षाको आठ दशमलव ९२ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणहरूको पाँच दशमलव २७ प्रतिशत र कपडाजन्य तथा जुत्ता चप्पलको चार दशमलव ९६ प्रतिशतले बढेका छन् । समीक्षा अवधिमा यातायात उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क एक दशमलव ८६ प्रतिशतले घटेको छ ।

कात्तिकमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति पाँच दशमलव ३८ प्रतिशत छ । अघिल्लो वर्षको सोही महीनामा यस्तो मुद्रास्फीति आठ दशमलव शून्य आठ प्रतिशत थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति छ दशमलव शून्य एक प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति चार दशमलव ८९ प्रतिशत छ ।

खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत मरमसला उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ३६ दशमलव ४६ प्रतिशत, चिनी तथा चिनीजन्य वस्तुको १४ दशमलव ५९ प्रतिशत, फलफूलको १४ दशमलव शून्य एक प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको १२ दशमलव शून्य दुई प्रतिशत र दुग्ध पदार्थ तथा अन्डाको ११ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा घ्यू तथा तेल र तरकारी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क क्रमशः १४ दशमलव २३ प्रतिशत र पाँच दशमलव ३५ प्रतिशतले घटेका छन् ।

# उद्यमशीलताका लागि लघुवित्त

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**यस्ता समस्या तथा चुनौतीको सही समयमा निराकरण गरी लघुवित्तको मूल मर्म एवं लक्ष्यबमोजिम वित्तीय समावेशीकरण र गरीबी निवारण कार्यमा केन्द्रित गर्नका लागि राज्य एवं नियमनकारी निकायबाट आवश्यक कदम चाल्न जरूरी छ ।**

नेपालमा अहिले लघुवित्त वित्तीय संस्थाहरू समस्यैसमस्याले ग्रस्त छन् । ती संस्थाले प्रवाह गरेको ऋण नतिर्ने मानिसहरू सङ्गठित हुन थालेको देखिन्छ। यो लघुवित्त वित्तीय संस्थाका लागि राम्रो सङ्केत होइन । हुनत एउटा व्यक्तिमाथि धेरै लघुवित्त वित्तीय संस्थाले ऋण प्रवाह गरेकाले यी संस्था आफैं डुब्ने तहमा पुगेको अवस्था छ। यता धितोविना सजिलै कर्जा पाइने भएपछि यसको दुरुपयोग गर्नेहरूको सङ्ख्या पनि बढ्दो छ। एउटा लघुवित्तबाट लिएको कर्जा चुकाउन अर्को लघुवित्तबाट कर्जा लिने गर्दागर्दै एकै व्यक्तिले धेरै लघुवित्तबाट कर्जा लिएको पाइएको छ । कुनै बेला अभियानका रूपमा सञ्चालित लघु वित्तीय क्षेत्रमा आज तिनकै केही सेवाग्राहीहरूबाट सडकमा विरोधका आन्दोलन प्रदर्शित भइरहेको छ। आन्दोलनमा लघुवित्तीय संस्थाहरूको खारेजीको माग हुनु र हालसम्म लिइएका सम्पूर्ण ऋण मिनाहाका साथै निर्ब्याजी सापटीका मुख्य मागहरू राखेर लघुवित्तीय प्रणालीमाथि नै धावा बोल्ने कामले यो क्षेत्रको आगामी दिन कस्तो हुने हो ? यसमा लाग्नेहरूको भविष्य के हुने हो ? गरीबी निवारणका लागि कुन चाहिं अर्को संस्था र प्रणालीले काम गर्ने हो ? भन्ने अनेकौं संशय उठेको मात्र छैन, कुनै अमुक क्षेत्रबाट २० लाखसम्म ऋण मिनाहाको सपना देखाएर लघुवित्तीय क्षेत्रका सेवाग्राहीलाई समेत सडकमा ओराल्ने काम भएको देखिन्छ। यो कार्य हेर्दा अब बैंक तथा वित्तीय संस्थाहरूको लगानीको भविष्य असुरक्षित हुँदैछ भन्ने प्रश्न पनि उठ्न थालेको छ। यो प्रवृत्ति लघुवित्त क्षेत्रका लागि पक्कै पनि सुखद होइन ।

वास्तवमा लघुवित्तले उद्यम गरेर आएको आम्दानीबाट चुक्ता गर्छ भन्ने विश्वासमा कर्जा दिएको हुन्छ। उद्यममा लगानी भएन भने ऋणीले उक्त कर्जा चुक्ता गर्न सक्दैन र अर्को लघुवित्तबाट कर्जा लिन्छ। फेरि त्यो लघुवित्तको कर्जा चुकाउन अर्कोबाट लिन्छ। श्रम नै नगरी पैसा पाउने भएपछि यो क्रम कहिल्यै रोकिंदैन । यस प्रवृत्तिले धेरैवटा लघुवित्तको कर्जा खेर जान्छ र उद्यमशीलता विकासमा काम आउँदैन। थप लगानी नहोला कि भन्ने चिन्ता पनि थपिएको छ। यस्ता आन्दोलनकारीहरूको नारा काठमाडौंमा पनि राम्रैसित हेर्न पाइयो भने ती आन्दोलनलाई दबाउने काममा ठूलै सरकारी संयन्त्रहरू परिचालित भइरहेको पनि देखियो । त्यस्तो आन्दोलनमा ऋण मोचनका नाराका साथसाथ सङ्घीय गणतन्त्रात्मक राज्य व्यवस्था परिवर्तनकै नाराहरू पनि घन्केका छन्। लघुवित्तीय क्षेत्रमा कोभिड कहरको असर बाँकी हुँदाहुँदै यो क्षेत्रमा केही समययता ऋणमोचनका लागि भनेर आन्दोलनहरू थालिएको देखिन्छ । बैंक वित्तीय संस्थाहरूबाट लिइएको ऋण तिर्नु पर्दैन, बीस लाखसम्मको ऋण मिनाहा गरिछाड्छौं भन्दै लघुवित्तीय क्षेत्रका सेवाग्राहीहरू समेतलाई यस आन्दोलनमा सहभागी गराइएको देखिन्छ । यो आन्दोलनमा बैंक तथा वित्तीय संस्थासँग अर्बौं ऋण रकमको कारोबार गर्ने कुनै व्यक्तिको पछि लागेर लघुवित्तीय क्षेत्रका सेवाग्राहीहरू किन हिंडेका छन् ? भन्ने अर्को गम्भीर प्रश्न यतिखेर उठ्नु स्वाभाविक हो।

लघुवित्तीय संस्थाहरूसित कारोबार गर्ने सबै व्यक्ति कि निर्धन छन्, वा विपन्न। थोरैले मात्र धितोमा कर्जा लिएका होलान् । सीमान्त र विपन्न वर्गलक्षित यस्ता वित्तीय संस्थाहरूको औसत कर्जाको आकारै सानो छ, एक लाखको आसपास । अब लिएको कर्जा मिनाहा हुनुपर्छ वा २० लाखसम्मको कर्जा मिनाहा गरिनुपर्छ भन्ने माग राखेर आन्दोलित हुन थाल्ने हो भने भएका वित्तीय संस्थाहरूले कारोबार किन गर्ने भन्ने प्रश्न पनि आउला । अर्कातिर, लिएको ऋण तिर्न नपर्ने वा त्यसका लागि आन्दोलन हुनुपर्ने अवस्था मात्र आउने हो भने नेपालमा नयाँ लगानीको भविष्य पनि अन्धकार हुने देखिन्छ। ऋणमोचनका लागि यस्तो आन्दोलन संसारमा बिरलै पाइएला । नियमित ऋणको किस्ता तिर्नेहरूमा पनि आन्दोलनकारीहरूको दबाबमा किस्ता नतिर्ने प्रवृत्ति बढ्दै गएकोले आगत समयमा लघुवित्तीय संस्थाहरूको असुली अरू प्रभावित हुने त्रास छ। वित्तीय क्षेत्रमा देखापरेको ऋण मोचनका लागि भनिएको यस्तो अराजक आन्दोलनलाई सरकारले बेलैमा मत्थर नगर्ने हो भने कम पूँजी आधार भएका लघुवित्तीय क्षेत्र कुनै पनि बेला तहसनहस नहोला भन्न सकिंदैन । सबैभन्दा चिन्ताजनक विषय के हो भने अब यस्तै आन्दोलनका नाममा बैंक असुरक्षित हुँदै जाने हो भने बैंकबाट धमाधम निक्षेप झिक्न थालिने त्रास पनि बढ्न सक्छ । यस्तो अवस्था आयो भने त्यो बेला न सरकार, न केन्द्रीय बैंकले उद्धार गर्न सक्छ । बैंकको ऋण नतिर्नेहरूको आन्दोलन बढ्दै जाने हो भने त्यस्तो अवस्था नआउला भन्न सकिंदैन।

अहिले यो आन्दोलनको प्रत्यक्ष असर लघुवित्तीय संस्थाहरूको असुलीमा परेको छ। हिजो–अस्तिसम्म ५० प्रतिशतभन्दा बढी लाभांश दिने लघुवित्तीय संस्थाहरू अहिले घाटामा छन्। असुली कम भएका कारण र ऋण नतिर्ने प्रवृत्तिले गर्दा तिनका खर्ब ऋण (एनपिएल) को स्तर औसत १२/१३ प्रतिशत पुगेको छ। थप जोखिमका कारण तिनले जोखिम बेहोर्ने कोषमा बढी रकम राख्नुपरेको छ । फलस्वरूप नाफामा कमी आउन थालेको छ।

ऋण भनेको निश्चित अवधिमा तिर्नेगरी लिइएको सापटी रकम हो । व्यक्तिसँग लिएको कुनै ऋण निर्ब्याजी हुन सक्छ। तर धेरैजसो ऋण ब्याजसहित तिर्नुपर्छ । बैंक तथा वित्तीय संस्थाबाट लिने ऋणको हकमा भने फरक व्यवस्था छ। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ अनुसार 'कर्जा' भन्नाले बैंक वा वित्तीय संस्थाले व्यक्ति, फर्म, कम्पनी, संस्था वा अन्य व्यावसायिक प्रतिष्ठानलाई निश्चित अवधिभित्र साँवा, ब्याज वा अन्य दस्तुर बुझाउने गरी प्रवाह गरिएको रकम हो । यस्तै प्रत्यक्ष वा अप्रत्यक्ष प्रत्याभूति, कर्जाको ब्याज वा अन्य दस्तुर, पुनर्कर्जा, कर्जाको पुनःसंरचना र नवीकरण, कर्जा चुक्ताका लागि जारी गरिएको जमानी तथा अन्य वचनबद्धता सम्झनुपर्छ र सो शब्दले राष्ट्र बैंकले सार्वजनिक सूचना प्रकाशन गरी तोकिदिएको कुनै पनि किसिमको ऋणसमेतलाई जनाउँछ। बैंक तथा वित्तीय संस्थाले घर, जग्गा, सुन वा अन्य सम्पत्ति धितो लिएर ऋण प्रदान गर्छ। लघुवित्त वित्तीय संस्थाहरूले विभिन्न व्यावसायिक कार्यका लागि सामूहिक जमानीमा लघुकर्जा प्रदान गर्छन्। बैंक तथा वित्तीय संस्थाको पहुँचमा पुग्नुभन्दा पहिले साहू–महाजनबाट उच्च ब्याजदरमा ऋण लिने चलन थियो । बैंक तथा वित्तीय संस्था स्थापना भएपछि यस्तो चलन हटेको छ। पछिल्लो समय लघुवित्तलाई नयाँ साहूकारको उपनाम दिन थाल्ने प्रवृति देखा पर्नु ज्यादै चिन्ताको विषय हो । किनभने लघु वित्तीय संस्था स्थापना हुनुको प्रमुख उद्देश्य गरीबी निवारण हो। यद्यपि यसले बढी ब्याज लिएको विषयमा भने समीक्षा गर्नु जरूरी छ । लघुवित्तका ऋणीलाई कालोसूचीमा राखेर कारबाई गर्ने व्यवस्था गरियो भने यस्तो आन्दोलन नहुन पनि सक्छ। अर्को विगतमा यस्तै खालको ऋण मिनाहा गरिएकाले पनि लघुवित्तमा ऋणीहरूलाई ऋणमोचनको नाराले छोएको देखिन्छ।

लघुवित्तीय क्षेत्रमा गएको कर्जाको अधिकांश अंश (करीब ८० प्रतिशत) विनाधितो रहेको छ । ऋणमोचनको अहिलेको यो आन्दोलनको सबैभन्दा बढी असर पनि यसै क्षेत्रमा परेको छ। नियमित तिर्नेहरूमा पनि आन्दोलनकारीहरूको दबाबमा किस्ता नतिर्ने प्रवृत्ति बढ्दै गएकोले भविष्यमा लघुवित्तीय संस्थाहरूको असुली अरू प्रभावित हुने त्रास छ । वित्तीय क्षेत्रमा देखापरेको ऋणमोचनका लागि भनिएको यस्तो आन्दोलनलाई सरकारले बेलैमा मत्थर नगर्ने हो भने कम पूँजी आधार भएका लघुवित्तीय क्षेत्र कुनै पनि बेला तहसनहस नहोला भन्न सकिंदैन । लघुवित्तीय प्रणालीमा भएका उपलब्धिलाई बेलैमा संस्थागत गरी विपन्न वर्गमा जाने वित्तीय प्रणालीलाई सुदृढ नबनाउने हो भने त्यसले भविष्यमा निम्त्याउने वित्तीय दुर्घटनालाई न सरकार, न केन्द्रीय बैंकले नै टार्न सक्छ।

त्यसैले यस्ता समस्या तथा चुनौतीको सही समयमा निराकरण गरी लघुवित्तको मूल मर्म एवं लक्ष्यबमोजिम वित्तीय समावेशीकरण र गरीबी निवारण कार्यमा केन्द्रित गर्नका लागि राज्य एवं नियमनकारी निकायबाट आवश्यक कदम चाल्न जरूरी छ। अन्त्यमा हाम्रो जस्तो अधिकांश ग्रामीण बस्ती भएको मुलुकमा वित्तीय समावेशीकरण, गरीबी निवारण तथा रोजगार सिर्जनाका लागि लघुवित्त कार्यक्रमलाई एउटा उपयोगी वित्तीय औजारका रूपमा लिन सकिन्छ।

# नेप्से परिसूचक छ दशमलव ५५ अङ्कले बढ्यो

काठमाडौं, २८ मङ्सिर/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार पनि उकालो लागेको छ । पछिल्ला केही दिनदेखि उकालो लागेको नेप्से परिसूचकको यात्रा शेयर कारोबार हुने साताको आज अन्तिम दिन पनि कायम रह्यो ।





नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक छ दशमलव ५५ अङ्कले उकालो लागेर एक हजार ९९४ दशमलव ६० मा पुगेको छ । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव शून्य छ अङ्कले उकालो लागेर ३७६ दशमव ३६ मा पुगेको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये आज पाँच उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा आठ उपसमूहको शेयर मूल्यमा भने वृद्धि भएको छ।

कुल ९६ लाख ३७ हजार ४५५ कित्ता शेयर रु तीन अर्ब १५ करोड १६ लाख ३५ हजार ७५० मूल्यमा खरीद–बिक्री भएका छन् । कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा छ। सो कम्पनीको रु १६ करोड चार लाख ७८ हजार ४३१ मूल्य बराबरको कारोबार भयो।

यस्तै, रिलायबल नेपाल लाइफ इन्स्योरेन्स रु ११ करोड ४९ लाख ८८ हजार ७९१, हाथवे इन्भेस्टमेन्ट रु नौ करोड १३ लाख ७९ हजार ८३५, शिवम् सिमेन्ट रु नौ करोड १२ लाख १९ हजार ७५८ र आइएमई लाइफ इन्स्योरेन्स रु सात करोड ७५ लाख ८४ हजार ३१२ बराबरको कारोबार भई शीर्ष पाँचमा पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु, हिमालयन लघुवित्त, नेपाल हाइड्रो डेभलपर्स, नेपाल रिपब्लिक मिडिया र नेपाल इन्स्योरेन्सको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ।

त्यस्तै, गुराँस लघुवित्त चार दशमलव ९८, मानुषी लघुवित्त चार दशमलव ७८, सिवाइसी नेपाल लघुवित्त चार दशमलव शून्य चार, माछापुच्छे बैंकको ऋणपत्र तीन दशमलव ९६ र ग्लोबल आइएमई ब्यालेन्सका शेयर मूल्य तीन दशमलव ७५ प्रतिशतले घटेका छन्।

# एडिबीको १६ अर्ब ६० करोड सहयोग

काठमाडौं, २८ मङ्सिर/रासस

नेपालको दिगो पर्यटन प्रवर्द्धन गर्दै स्थानीय बासिन्दालाई गुणस्तरीय जीवनयापनमा सघाउने उद्देश्यले जीवनयापन सुधार परियोजना कार्यान्वयन गर्न एशियाली विकास बैंक (एडिबी)ले रु १६ अर्ब ६० करोडको वित्तीय सहायता उपलब्ध गराउने भएको छ।

पर्यटनका माध्यमबाट स्थानीय अर्थतन्त्रलाई सबल बनाउन देवदह, लुम्बिनी सांस्कृतिक, सैनामैना, सिद्धार्थनगर र तिलोत्तमा नगरपालिकाका साथै जनकपुर उपमहानगरपालिका र पोखरा महानगरपालिकाको आर्थिक वृद्धिमा सघाउन उक्त वित्तीय प्याकेज एडिबीले बिहीवार स्वीकृत गरेको हो।

बैंकको प्रधान कार्यालय मनिलाबाट आज जारी प्रेस विज्ञप्ति अनुसार जलवायु एवं प्रकोप प्रतिरोधी शहरहरू निर्माण गरी नेपालको स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन र दिगो आर्थिक विकास गर्ने नेपालको सरकारको रणनीतिमा सघाउन उक्त प्याकेज स्वीकृत गरिएको हो।

उक्त वित्तीय प्याकेज अन्तर्गत रु ६० करोड अनुदान सहायता हो । शहरी विकास तथा भवन निर्माण विभाग र सम्बन्धित नगरपालिकाले जीवनयापन सुधार परियोजना कार्यान्वयन गर्नेछन्।

## चिकित्सकहरूको विवरण

### शिशु तथा बालरोग

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

### नाक, कान, घाँटी तथा आँखा

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

### फिजिसियन

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

### दन्त

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

### हाड, जोर्नी तथा नसा विशेषज्ञ

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

### आयुर्वेदिक (चेकजाँच)

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

### फिजिसियन तथा मधुमेह विशेषज्ञ

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

### प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

### एम्बुलेन्स सेवा

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३**

# 'म्याचुरेटी' गर्दै औषधि व्यवस्था विभाग

काठमाडौं, २८ मङ्सिर/रासस

औषधि व्यवस्था विभागले कामको विश्वसनीयताको लागि 'म्याचुरेटी' (परिपक्वता)को तीन तहमा पुग्ने तयारी थालेको छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले तोकेको मानाङ्क अनुसार विभागले परिपक्वताको तीन तहमा पुग्ने तयारी गरेको हो । विभागका महानिर्देशक नारायणप्रसाद ढकालका अनुसार अहिले विभागको परिपक्वताको दुई तह मात्र छ। 'डब्लुएचओ ग्लोबल बेन्च मार्किङ'मा उल्लेख गरिएका कानून, जनशक्ति, कार्यालय, प्रयोगशाला, अनुगमन लगायतका मानाङ्क लाई हेरेर तह निर्धारण गर्ने गरिन्छ।

विभागले स्तरोन्नतिको लागि विभागले कानून संशोधन, प्रदेशस्तरमा कार्यालय, दक्ष जनशक्ति थप र प्रयोगशालाको क्षमता बढाउने कार्य गरिरहेको छ । "हाम्रो क्षमता अनुसार अहिले हामी परिपक्वताको दुई तहमा रहेका छौं," उनले भने, "परिवक्वताको तीन तहमा जाने हाम्रो योजना हो । त्यही अनुसार अहिले हामीले काम गरिरहेका छौं।"

तीन तहको परिपक्वता पुगेपछि विभागले गरेका निर्णय परिपक्व हुने, अन्यले मान्ने खाले हुने, निष्पक्ष, पारदर्शिता र औषधि गुणस्तरीय हुने उनले बताए। परिपक्वताको चार तहमा पुगेपछि डब्लुचएओले सूचीकृत गर्छ । औषधिपसल, आयुर्वेदिकपसलको अनुगमन गर्नका लागि विभागसँग पर्याप्त मात्रामा जनशक्ति छैन।

विभाग अहिले प्रदेशस्तरमा पनि जान सकेको छैन । काठमाडौंबाहिर विराटनगर, वीरगंज र नेपालगंज मात्र विभागको कार्यालय छ। विभागमा अहिले ११५ जनशक्ति छन्। "हामीसँग एकदमै थोरै जनशक्ति छ," उनले भने, "यसले गर्दा हामीले उद्योग, औषधिपसलको पयाएप्त मात्रामा अनुगमन गर्न सकेका छैनौं।"

विभागमा अहिले स्वदेशी १५० उद्योग र पाँच सय विदेशी कम्पनी दर्ता छन्।

# धान जोनमा उत्पादन नबढेपछि माटो परीक्षण गरिंदै

चितवन, २८ मङ्सिर/रासस

जिल्लामा रहेको धान जोनमा उत्पादन नबढेपछि माटो परीक्षणको काम शुरू गरिएको छ। भरतपुरस्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइले जिल्लामा रहेको धान जोनको माटो परीक्षण शुरू गरेको हो।

मङ्गलवारदेखि माटो परीक्षणको काम शुरू गरिएको कार्यालयका सूचना अधिकारी इन्द्र शर्मा ढुङ्गानाले जानकारी दिए । उनका अनुसार जोन अन्तर्गत आठ हजार ५४० हेक्टर जमीनमा धानखेती गरिएको थियो। यहाँको उत्पादन र उत्पादकत्व वृद्धि नभएपछि माटो परीक्षण गरिएको उनले जानकारी दिए। सूचना अधिकारी ढुङ्गानाका अनुसार गत वर्ष ३९ हजार ८८२ मेट्रिकटन धान उत्पादन भएको थियो । यो प्रतिहेक्टर पाँच दशमलव दुई मेट्रिकटन उत्पादकत्व हो। यस वर्ष पनि सोही अनुपातमा धान उत्पादन भएकाले माटो परीक्षण गरिएको उल्लेख गर्दै उनले भने, "धान उत्पादन १० प्रतिशतले वृद्धि हुनुपर्ने हो, तर हुन सकेन । कारण पत्ता लगाउन माटो परीक्षण गरिएको हो।"

जोन क्षेत्रमा रोगका कीराको आक्रमण माटोका कारणले भएको हुन सक्ने देखिएपछि एक हजार ५० नमूना सङ्कलन गरेर परीक्षण शुरू गरिएको र जोनमा लगाइएको धानमा नेक ब्लास्ट (घाँटी मरुवा), सित ब्लाइट, कालोपोके र गबारो लाग्नेजस्ता समस्या देखा परेको थियो। यो समस्या माटोमा कुन तत्त्वको कमीले भएको हो भन्ने विषयमा माटो परीक्षणबाटै जानकारी हुने उनले बताए।

माटो परीक्षण गर्दा माटोमा प्राङ्गारिक पदार्थ, नाइट्रोजन, फसफोरस, पोटासको मात्रा कति छ र अम्लीयपन वा छ्यारीयपन कति छ भन्ने पत्ता लगाइन्छ।

जिल्लामा धान जोन शुरू भएको चार वर्ष भएको छ। अन्य दुई वर्षमा उत्पादन र उत्पादकत्व वृद्धि राम्रो भएपनि यस वर्ष हुन नसकेको उल्लेख गर्दै सूचना अधिकारी ढुङ्गानाले भने, "धान जोन क्षेत्रमा सुरुआती वर्ष उत्पादकत्व तीन दशमलव छ मेट्रिकटन प्रतिहेक्टर थियो। धान जोनका रूपमा पूर्वी चितवनको राप्ती, खैरहनी र रत्ननगर नगरपालिका विशेष छन्। ती पालिकाको राजमार्गभन्दा दक्षिण क्षेत्रको माटो परीक्षण गरिएको हो। माटो परीक्षणको नतीजा आउन केही समय लाग्छ।"

# अन्तर्राष्ट्रिय समाचार

## सन् २०२३ मा काममा मारिने पत्रकारको सङ्ख्या घट्यो -आरएसएफ

पेरिस, २८ मङ्सिर/एएफपी

पछिल्लो दुई महीनामा गाजामा पत्रकारहरूको मृत्यु भए पनि यो वर्ष कामका क्रममा मारिने पत्रकारहरूको सङ्ख्यामा कमी आएको मिडिया वकालत समूह रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) ले बिहीवार बताएको छ।

आरएसएफको वार्षिक प्रतिवेदन अनुसार सन् २०२३ को पहिलो ११ महीनामा कामका क्रममा ४५ पत्रकार मारिएका छन्। यो आँकडा गत वर्ष ६१ थियो। ल्याटिन अमेरिकामा आएको ठूलो गिरावटका कारण सन् २००२ मा ३३ पत्रकारको मृत्युपछि यो वर्ष सबैभन्दा कम पत्रकार मारिएका छन्।

अक्टोबर ७ मा इजराइल र इस्लामिक लडाकू समूह हमासबीच युद्ध शुरू भएपछि मध्यपूर्वमा करीब ६३ पत्रकार मारिएका छन् तर तीमध्ये १७ जना मात्रै आरएसएफको परिभाषामा परेका छन्।

आरएसएफका महासचिव क्रिस्टोफर डेलोयरले एएफपीलाई भने–"यसले गाजा क्षेत्रको त्रासदीबाट टाढा राख्दैन तर हामीले नियमित गिरावट देखिरहेका छौं, सिरिया र इराकमा युद्धका कारण सन् २०१२ मा र फेरि सन् २०१३ मा मारिएका १४० पत्रकारहरूको तुलनामा यो धेरै कम छ।"

उनका अनुसार यो गिरावट अन्तर–सरकारी सङ्गठनहरू र गैरसरकारी सङ्गठनहरूले दण्डहीनताविरुद्ध लड्ने प्रयासहरूका साथै स्वयं पत्रकारहरूले पुऱ्याएको अधिक 'विवेकशीलता' का कारण भएको हो।

आरएसएफका अनुसार अक्टोबर ७ पछि मध्यपूर्वमा आफ्नो पेशा निर्वाह गर्ने क्रममा मारिएका १७ पत्रकारमध्ये १३ गाजामा इजराइली हमलामा मारिएका छन् भने तीन लेबनानमा र एकजना हमासद्वारा इजराइलमा मारिएका छन्। आरएसएफले यी मृत्युलाई लिएर 'युद्ध अपराध' का लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उजूरी दायर गरिएको नोभेम्बरमा बताएको थियो।

अक्टोबर १३ मा रोयटर्सका क्यामेरामेन इस्साम अब्दुल्लाहको हत्या गर्न र एएफपीका फोटोग्राफर क्रिस्टिना एसीसहित अन्य छजनालाई घाइते बनाउन इजराइली ट्याङ्कको हमला जिम्मेवार रहेको आफ्नो अनुसन्धानबाट थाहा भएको एएफपीले गत साता बताएको थियो।

पत्रकारहरू दक्षिणी लेबनानमा 'सक्रिय युद्ध क्षेत्र' मा रहेको इजराइली सेनाका एक पत्रकारले बताएका छन् तर महासचिव डेलोयरले प्रवक्ताको जवाफ 'सन्तोषजनक' नभएको बताए।

युक्रेनमा युद्धका कारण सन् २०२३ मा दुईजना पत्रकारको ज्यान गएको छ। आरएसएफले भनेको छ–"मारिनेमा एएफपीका रिपोर्टर अरमान सोल्डिन थिए, उनी आफ्नै देशबाहिर ज्यान गुमाउने एकमात्र रिपोर्टर हुन्।" सन् २०२२ मा द्वन्द्व शुरू भएपछि युक्रेन युद्धमा कुल ११ पत्रकार मारिएका छन्।

**ल्याटिन अमेरिकामा गिरावट**

ल्याटिन अमेरिकामा मारिने पत्रकारहरूको सङ्ख्यामा तीव्र कमी आएको छ। त्यहाँ छजना पत्रकारको हत्या भएको छ। सन् २०२२ मा २६ पत्रकार मारिएका थिए। मेक्सिकोमा मात्र यो सङ्ख्या गत वर्षको ११ बाट घटेर ४ मा झरेको छ। लगातार अपहरण र हमला भएको भन्दै आरएसएफले मेक्सिको पत्रकारहरूका लागि खतरनाक बनेको चेतावनी दिएको छ। विश्वभरमा बेपत्ता भएका ८४ पत्रकारमा करीब एक तिहाई मेक्सिकाली रहेका छन्।

सन् २०२२ मा कारागारमा रहेका पत्रकारहरूको सङ्ख्या ५६९ बाट घटेर ५२१ भएको छ। चीन र म्यान्मापछि बेलारूस 'विश्वका तीन सबैभन्दा ठूला कारागारमध्ये एक' देखिएको छ। टर्की र इरानले बारम्बार पत्रकारहरूलाई कारागारमा हाल्ने गरेको प्रतिवेदनमा उल्लेख छ। कुल ५४ पत्रकारलाई बन्धक बनाइएको छ। यो सङ्ख्या सन् २०२२ मा ६५ थियो। रासस



विवाह पञ्चमी मेला हेर्न आएका भक्तजनहरूको भीड, जनकपुर रामजानकी विवाहमण्डपमा। यस वर्ष भारतबाट आउने भक्तजनमा कमी आउने अनुमान गरिए पनि सोचेको भन्दा बढी भक्तजन आइपुगेको जनकपुर उपमहानगरपालिका वाड नं १० का अध्यक्ष मिथलेशलाल कर्णले बताएका छन्। उनले यस वर्ष अयोध्यामा राममन्दिरको उद्घाटन हुने भएकोले भारतबाट आउने भक्तजनहरूमा कमी आउने सोचेकामा विवाह पञ्चमी को ३/४ दिनअगाडिदेखि नै यस वर्ष पनि टाढाटाढाबाट भक्तजनहरू आइपुगेका छन्।

## 'हामीसँग प्रमाण छैन, पीडा मात्रै छ'

जनकपुरधाम, २८ मङ्सिर/रासस

देशका विभिन्न भागमा रहेका हरवाचरवाले मुक्तिको माग गर्न थालेको १४ वर्षभन्दा बढी भयो तर मुक्त गरिएका उनीहरूको सङ्ख्या र अवस्था अहिलेसम्म पनि यकीन गरिएको छैन। पहिचान नै नभएका कारण स्थानीय तहबाट पाउने विशेष सुविधा र साहुकारबाट घरव्यवहार चलाउनका लागि पाइने सहयोग पनि पाउन कठिन भइरहेको मुक्त हरवाचरवाहरूले गुनासो गर्दै आएका छन्।

जनकपुरधाममा बिहीवार आयोजित हरवाचरवा तथ्याङ्क सङ्कलन र पहिचानको सवाल विषयक प्रदेशस्तरीय अन्तरसंवादमा पनि उनीहरूको यस्तै गुनासो थियो। "स्थानीय सरकारमा गएर अधिकार मागेमा प्रमाण खै भन्छन् तर हामीसँग प्रमाण छैन, केवल पीडा मात्रै छ," मुक्त हरवाचरवा आश्ना खातुनले प्रश्न गरिन्, "सङ्घीय, प्रदेश वा स्थानीय तहमध्ये हामीलाई प्रमाण दिनेचाहिं कसले हो ?"

धनुषाको गणेशमान चारनाथ नगरपालिका निवासी खातुनले मुक्तिको घोषणा गरेर अलपत्र पार्ने काम गर्न नहुनेमा जोड दिइन्। यस्तै गुनासो थियो महोत्तरीका शिव सदाको पनि। "केन्द्र सरकारले मुक्तिको घोषणा गऱ्यो। प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेटमा पनि हाम्रो अस्तित्व स्वीकारिसकेको छ। तर नजीकको स्थानीय सरकारमा अधिकारको माग गर्न जाँदा हरवाचरवाको पहिचान नै छैन, के को अधिकार भन्छन्। हामीले के जवाफ दिनु ?" सदाले गुनासो गरे।

सिराहाकी टीका सदायले सरकारले मुक्त घोषणा गरेपछि न्यायोजित पुनर्स्थापनाको माग गर्दै पटकपटक दबाब दिंदा पनि कुनै सुनुवाइ नभएको भन्दै सरोकारवालाको ध्यानाकर्षण गराए। राष्ट्रिय मुक्त हरवाचरवा अधिकार मञ्चका महासचिव लागिन्द्र सदा त मुक्त हरवाचरवाको पहिचान, वर्गीकरण र परिचयपत्रको अभावमा आफूहरू थप समस्यामा परेको बताउँछन्। "कसैलाई सहयोग मागेमा पहिचानको नाममा सहयोग पाइँदैन। साहुलाई काम देऊ भन्दा पनि कानूनी झमेला आउँछ भनेर पन्छिन्छन्। सरकारले पनि पहिचान र परिचयपत्रका लागि चासो देखाएको छैन। अहिले हामी थप समस्यामा छौं," महासचिव सदाले भने।

राष्ट्रिय दलित नेटवर्क (आरडिएन) का अध्यक्ष गणेश विश्वकर्माले मुक्त हरवाचरवाको सङ्ख्या र अवस्था पहिचान गरिदिएमा विकास साझेदार संस्था तथा सरकारलाई काम गर्न सहज हुने भन्दै तत्काल सो काम गर्न आग्रह गरे। "हरवाचरवा समस्या मुख्यतः मधेस प्रदेशको समस्या हो। प्रदेश सरकारले अग्रसरता लिएर उनीहरूको अवस्था पहिचान, वर्गीकरण र परिचयपत्र दिएमा यो समस्या समाधानका लागि तीनै तहका सरकार र हामी विकास साझेदार संस्थालाई पनि काम गर्न सहज हुनेछ। त्यसैले म प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु," विश्वकर्माले भने।

अधिवक्ता बालाराम भट्टराईले पनि मधेस प्रदेश सरकारले पहिलोपटक चालू आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा हरवाचरवाको विषय समेटिसकेकाले अब तत्काल यथार्थ सङ्ख्या र अवस्था पहिचानका लागि अध्ययन हुन जरुरी रहेको धारणा राखे। जवाफमा मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेले मुक्त हरवाचरवाको समस्या समाधानका लागि सरकारले आफ्नो वार्षिक नीति, कार्यक्रम र बजेटमा लिएको अठोटलाई पूरा गर्न पहल शुरू भइसकेको बताए।

## विद्युत् बजारमा सुधारका लागि इयूले गऱ्यो सम्झौता

ब्रसेल्स, २८ मङ्सिर/एएफपी

युरोपेली युनियन (इयू)ले जीवाश्म इन्धनमाथि निर्भरता कम गर्न र उपभोक्ता मूल्यहरूलाई स्थिर राख्न इयूको विद्युत् बजारमा सुधारका लागि बिहीवार एउटा सम्झौता गरेको इयू परिषद्ले एक विज्ञप्तिमा जनाएको छ।

"आज परिषद् र संसद्ले इयूको विद्युत् बजार डिजाइन (इएमडी)मा सुधारका लागि अस्थायी सम्झौता गरेका छन्," हाल स्पेनको अध्यक्षता रहेको इयू परिषद्का अध्यक्षद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "सुधारले विद्युत्को मूल्यलाई अस्थिर जीवाश्म इन्धनको मूल्यहरूमा कम निर्भर बनाउने, उपभोक्ताहरूलाई मूल्यवृद्धिबाट बचाउने, नवीकरणीय ऊर्जा र परिचालनमा तीव्रता ल्याउने र उपभोक्ता संरक्षणमा सुधार गर्ने लक्ष्य राखेको छ।"

इयूका योजनाहरूको उद्देश्य बजारको अस्थिरतालाई कम संवेदनशील बनाउनु हो। यसलाई गत वर्ष उपभोक्ता र व्यवसायहरूका लागि ऊर्जाको मूल्यमा वृद्धि गर्ने युक्रेनमाथि रूसी आक्रमणको प्रतिक्रियाका रूपमा हेरिएको छ।

"यो सम्झौता राम्रो समाचार हो किनकि यसबाट हामी रूसी ग्याँसमाथि इयूको निर्भरता अझ कम गर्न र हरितगृह ग्याँस उत्सर्जनमा कटौतीका लागि जीवाश्मरहित ऊर्जाको प्रवर्द्धन गर्न सहयोग पुग्नेछ," स्पेनका ऊर्जामन्त्री टेरेसा रिबेराले भने।

उक्त सम्झौता इयू परिषद् र संसद् दुवैबाट अनुमोदन हुनुपर्नेछ। व्यापक सुधारहरूको एउटा भागका रूपमा उक्त सम्झौतामा एउटा नियम पनि समावेश गरिएको छ, जसले बढ्दो अनुगमन र पारदर्शितामार्फत बजार हेरफेरविरुद्ध इयूको सुरक्षामा सुधार गर्नेछ। यसलाई रेमिट (आरइएमआइटी) का रूपमा पनि जानिन्छ। नोभेम्बर १६ मा इयूका २७ सदस्य मुलुकले रेमिटमा अस्थायी सम्झौता गरेका थिए।

बिहीवारको सम्झौताले सदस्य राष्ट्रहरूको डिकार्बोनाइजेशन योजनाहरूअनुरूप नयाँ नवीकरणीय उत्पादनको अधिग्रहणलाई 'विशेषरूपमा समर्थन गर्ने सम्भावना' रहेको विज्ञप्तिमा उल्लेख छ। सम्झौताले सदस्य राष्ट्रहरूको प्रतिनिधित्व गर्ने परिषद्लाई बजार अवस्थाको आधारमा युनियन–व्यापी 'सङ्कट' घोषणा गर्न अधिकारसमेत दिनेछ।

विज्ञप्ति अनुसार यो औसत थोक विद्युत् मूल्य वा विद्युत् खुद्रा मूल्यमा तीव्र वृद्धिसँग सम्बन्धित हुन सक्छ। "यो सम्झौताले कमजोर र ऊर्जाको कमी भएका ग्राहकहरूको सुरक्षाका लागि उपायलाई कडा बनाउनेछ," विज्ञप्तिमा उल्लेख छ। रासस

## दुर्घटनामा १६ जनाको मृत्यु

काराकस, २८ मङ्सिर/एएफपी

भेनेजुएलाको एउटा राजमार्गमा सामूहिक सडक दुर्घटना हुँदा १६ जनाको मृत्यु हुनुका साथै छजना गम्भीर घाइते भएका स्थानीय अधिकारीले बुधवार बताएका छन्।

काराकसलाई पूर्वसँग जोड्ने ग्रान मारिस्कल डे अयाकुचो राजमार्गमा भएको दुर्घटनामा हालसम्म १६ जनाको मृत्यु भएको प्रमुख अग्नि नियन्त्रक जुआन गोन्जालेजले जानकारी दिए।

अधिकारीका अनुसार केही समय अघि भएको दुर्घटनाका कारण रोकिएका कारको लाइनमा तीव्र गतिको ट्रकले ठक्कर दिंदा थप दुर्घटना भएको हो।

जोखिम व्यवस्थापन तथा नागरिक उपमन्त्री कार्लोस पेरेज एम्पुएडाले दुर्घटनामा आठजनाको मृत्यु भएको सूचना दिंदै मर्नेहरूको सङ्ख्या बढ्न सक्ने बताएका थिए। उनले दुर्घटनामा १७ वटा सवारी साधन प्रभावित भएको जानकारी दिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अलमल | वृष – अर्थसङ्कट |
| मिथुन – व्यपारवृद्धि | कर्कट – अलमल |
| सिंह – खिन्नता | कन्या – वाहनखर्च |
| तुला – राज्यलाभ | वृश्चिक – अथितिआगमन |
| धनु – मिष्टान्न भोजन | मकर – अलमल |
| कुम्भ – प्रशन्नता | मीन – पदोन्नति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

**मिथिला ...**

अन्तर्गत धार्मिक, सांस्कृतिक र काल्पनिक विषयवस्तुमा प्राकृतिक दृश्यहरू नदी, पहाड, बगैंचा, लहरा, कदम, कटहर, चरा, माङ्गलिक वस्तुहरूको साथै सजावटका विभिन्न चित्रहरू र पारलौकिकमा देवीदेवताका सुन्दर चित्रहरू पर्छन्। प्रस्तुत शिव, विष्णु, लक्ष्मी, सरस्वती, रामसीता, राधाकृष्णका चित्रमा मानवीय भाव, स्नेह एवं ममताको प्रतीकात्मक अभिव्यक्तिको बोध गराउँछ।

त्यस्तै, प्रतीकात्मक विषय अन्तर्गत विभिन्न वनस्पति, प्राणीलगायत चराचुरुङ्गीको बाहुल्यता पाइन्छ। धार्मिक अनुष्ठान र लोकाचारमा आधारित यो कला जीवनको अभिन्न अङ्ग हो। यस कलामा सामान्यतः सात किसिमका रङ्गको प्रयोग देखिन्छ। प्राकृतिक र घरेलु उपकरणबाट तयार गरिएको रङ्गले भिन्दाभिन्दै वस्तुहरूको भावलाई उजिल्याउने गरेको छ। जो पुस्तौं पुस्तादेखि आम समुदायमा स्थापित हुँदै आएको छ। पूजाआजा, चाडपर्व अन्य संस्कारहरू उपनयन, विवाह जस्ता अवसरमा कुन कुन प्रतीकको प्रयोग गर्नेबारे एउटा परम्परा नै बसेको पाइन्छ। मिथिला चित्रकलामा लौकिक अन्तर्गत जीवन र प्रकृतिलाई आधार बनाइ वस्तुसत्तात्मक र धारणात्मक प्रतीक परिलक्षित हुने गरेको छ।

मिथिला चित्रकलामा प्रतीक संयोजन अत्यन्त कलात्मकरूपमा गरिएको पाइन्छ। कलामा संयोजन गरिएका हात्तीलाई शुभ, वैभव र नारी जातिको प्रतीकका रूपमा मानिएको छ भने घोडालाई सूर्य, बल र पुरुष जाति, गाईलाई पवित्रता र मातृत्वका प्रतीक मानिएको छ। त्यस्तै सुगालाई गुरु र मित्रता, माछालाई उत्पादनशक्ति र नारी जातिको प्रतीक मानिएको पाइन्छ। अन्य जीवजन्तुमा कछुवालाई विष्णु, पुरुष वर्ग र दीर्घायु, हाँसलाई सौन्दर्य तथा संसारका कठिनाइ पार गर्दै जाने र ज्ञानका प्रतीक मानिएको छ भने युगल जोडी हाँसलाई प्रणय र सुखद दाम्पत्य जीवनको सङ्केतका रूपमा लिइएको छ।

कला मानव संस्कृतिको उपज भएकाले कला र संस्कृतिमा लोककलाको अनौठो संयाजन पाइन्छ। मिथिला चित्रकलामा मयुरलाई नृत्य, सौन्दर्य एवं प्रेमको निवेदक र अनारलाई सौन्दर्यको प्रतीक मानिन्छ। त्यस्तै, कदमको फूललाई प्रेमको र कमल फूललाई कोमलता, अनुराग, सौन्दर्य, नारीको शरीरका साथै लक्ष्मीको सङ्केत प्रदान गरी वैभवलाई औंल्याएको हुन्छ। त्यस्तै, बाँसलाई वंश वृद्धि र पुरुष जातिको प्रतीकका रूपमा मानी चित्रहरूमा अङ्कित गरिएको पाइन्छ।

सरसता, समरसता एवं संवेदनशीलतासहितको यो प्रतीकात्मक परम्परा मैथिल संस्कृतिको एउटा यस्तो शिल्प हो, जो मैथिलहरूको जीवनशैलीमा यसको दखल नङ–मासुजस्तो देखिन्छ। चित्र तथा मूर्ति बनाइएको घर शून्य हुँदैन भन्ने प्रचीन मान्यताका आधारमा चित्रका अलङ्कारिक अंशका गुणग्राहक तत्त्वलाई महत्त्व दिएर त्यसलाई आफ्नो संस्कृतिको आत्माका रूपमा चिरस्थायी बनाएको पाइन्छ। मैथिल संस्कृतिमा विवाहको चतुर्थीको विधि नहुन्जेलसम्मको भित्ते चित्र पनि रङ्गाउने गरिन्छ। यसमा केटाकेटी र घोडाको चित्रद्वारा प्रतीकात्मकरूपमा यौन शिक्षा प्रदान गर्ने जमर्को गरिएको हुन्छ। कोहवर घरका चित्रहरू प्रतीकात्मक अर्थमा सम्पूर्ण जीवनचक्रको कथा नै हो।

मिथिला लोक चित्रकलाले वंशगत शिल्पगत तथ्य अन्तर्गत संसार स्वर्गीय र मानवीय कुराको गठबन्धन जस्तो हो भन्ने भावभूमिमा प्रतीकात्मतालाई आत्मसात् गर्दै समाजलाई एक सूत्रमा आबद्ध गर्ने द्योतकसमेत मानिएको छ। मैथिल महिला जुन हातले चित्र बनाउँछन्, तिनीहरू तिनै हातले भित्तामा उस्तै कलाकृतिको पनि सिर्जना गर्छन्। तिनै हातले सिकी, मोथी, मुञ्ज आदिका अनेक शिल्पी सामग्री पनि रङ्गीन चित्रावली समान रचना गर्छन्। ती कलाहरूमा जीवन, प्रकृति र कल्पनालाई विषय वस्तुगतरूपमा संयोजित गर्दा कसैकसैले प्रकृतिको निरीक्षण गर्ने चेष्टा गरेका हुन्छन् भने कसैले जीवनको गतिशीलता र कसैले काल्पनिक भावनालाई गीतात्मकरूपमा सम्प्रेषण गर्न खोजेको पाइन्छ।

मिथिला चित्रकलामा जानेर–नजानेर धार्मिक आस्थाका आधारमा वैज्ञानिक तथ्य पनि पर्याप्त छन्। देवीदेवता, सूर्य, चन्द्र, तारा, नवग्रह, पृथ्वी, सर्प, जलाशय, माछा, बिच्छी आदिको धार्मिक महत्त्वसँगै वातावरणसँग समेत सम्बन्धित छ। तिनीहरूको चित्र बनाएर पूजा गर्नु धार्मिक मान्यता अनुसार डरबाट मुक्ति र सुरक्षित रहनु पनि मानिन्छ। भित्ती र भूमिबाट कागज र कपडामा नियमित प्रयोजनमा सीमित मिथिला चित्रकला विश्वका सामुन्ने कला पारखी र प्रेमीलाई आनन्द दिन पनि सफल तथा लोकप्रिय भएको छ। मिथिला चित्रकलाले विदेशी कलाप्रेमीका पर्व र समारोहमा शुभकामना आदानप्रदान गरी जित्न सफल भएको पनि देखिन्छ। यसरी हजारौं वर्षदेखि मैथिल जनजीवनमा प्रतीक विधानद्वारा छाप छोड्दै आइरहेको मिथिला चित्रकलाका यी विशिष्ट चित्र शैलीहरू पनि आफ्नो रहस्यमयता र तान्त्रिक अर्थबोधको लागि निरन्तर अध्ययन शोधको विषयका रूपमा स्थापित भइसकेकाले यसलाई पाठ्यक्रममा राखी जीवन्त राख्नुपर्छ। (लेखक पत्रकार तथा मैथिली साहित्यका जानकार हुन्। रासस)

# वीरगंज महानगरको विवाद तत्कालका लागि साम्य

## सुशासन समितिलाई सोमवार प्रतिवेदन पेश गर्न जिम्मेवारी

प्रस, वीरगंज, २८ मङ्सिर/

वीरगंज महानगरपालिका कार्यालयमा गत मङ्गलवार कार्यकक्षको विषयलाई लिएर भएको विवाद मत्थर भएको छ।

प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई बस्दै आएको कार्यकक्ष सरेर नगरप्रमुख सरेको कक्षमा गएको र प्रमुख प्रशासकीय अधिकृतको पुरानो खाली कार्यकक्षमा पञ्जीकरण शाखा राख्ने क्रममा उपप्रमुख इम्तियाज आलमका स्वकीय सचिव शेख हजराले आफ्नो कार्यकक्ष बनाएपछि विवाद भएको थियो।

मङ्गलवार सोही विषयलाई लिएर वडाध्यक्षहरू, उपप्रमुख पक्षधर र नगरप्रमुख पक्षधरबीच घम्साघम्सी भएकोमा आज सो विषयमा बसेको बोर्ड बैठकले सुशासन समितिलाई विवादको टुङ्गो लगाउने जिम्मेवारी दिएर विवाद मत्थर पारेको छ।

दुई घण्टा बढी चलेको बैठकमा वडाध्यक्षहरूले अस्तिको घटनालाई लिएर चर्को विरोध गरेका थिए। उपप्रमुख आलमले आफूलाई प्रमुख प्रशासकीय अधिकृतले जानकारी नगराएर कार्यकक्ष खाली गरेको र पञ्जीकरण शाखा राख्न खोजेको बताएका थिए।

नगरप्रमुख सिंहले विवाद सुल्झाउन र उचित निकास दिनका लागि सुशासन समितिलाई सोमवारसम्म प्रतिवेदन पेश गर्नेगरी समयसीमा तोकेका छन्। उनको प्रस्तावमा सर्वसम्मति भएको र सोही अनुसार सोमवार दिउँसो तीन बजे बोर्ड बैठक बस्ने र सोमा सुशासन समितिले प्रतिवेदन पेश गर्ने निर्णय भएको वडाध्यक्ष जयप्रकाश शाहले बताए। सो अवधिसम्म कार्यकक्ष खाली रहने र समितिको प्रतिवेदन अनुसार त्यसपछिका दिनमा के गर्ने भन्ने निर्णय गर्ने बोर्ड बैठकमा सहमति भएको उनले बताए।

आजको बोर्ड बैठकमा नगरप्रमुख, उपप्रमुख, ३२ जना वडाध्यक्ष र सातजना कार्यपालिका सदस्य सहभागी थिए। एकजना महिला कार्यपालिका सदस्य मात्र अनुपस्थित रहेको वडाध्यक्ष बैजुलाल स्वर्णकारले बताए।

आजको बोर्ड बैठक अघि महानगरपालिकामा नगरप्रमुख र उपप्रमुख समर्थकहरूको भीड थियो। अस्तिको घटनालाई लिएर हिजोदेखि नै दुवै पक्षका मानिसहरू भिडन्तको लागि तयारी अवस्थामा थिए। सोलाई मध्यनजर गर्दै हिजो प्रहरीले महानगरपालिका कार्यालय आफ्नो सुरक्षा घेरामा राखेको थियो।

आज बोर्ड बैठकअघि विवाद साम्य पार्नका लागि नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्दन सिंह क्षत्रीको घरमा नगरप्रमुख, उपप्रमुखबीच छलफल भएको थियो।

# सङ्कल्प यात्रा, पहाडको समृद्धि खोज्ने प्रयास –अध्यक्ष ओली

प्रस, वीरगंज, २८ मङ्सिर/

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले झुलाघाट–चिवाभन्ज्याङ समृद्धिको लागि सङ्कल्प यात्रा पहाडको विकास र समृद्धि खोज्ने प्रयासका लागि गरिएको बताएका छन्।

यात्राको क्रममा बिहीवार भोजपुरको पौवादुङमा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले यो यात्रा पहाडका समस्या र सम्भावना खोज्नका लागि गरिएको बताए।

उनले कुनै एक ठाउँको मात्र विकास गरेको देश विकास नहुने बताउँदै देश विकासको लागि देशको समग्र भूगोल र क्षेत्रको विकास हुनुपर्ने कुरामा पनि जोड दिए।

उनले समृद्ध नेपाल निर्माणको खाका एमालेसँग मात्र भएको दाबी गरे। उनले समृद्ध नेपाल निर्माणको लागि नै एमालेलाई एकल बहुमतको सरकार आवश्यक रहेको प्रस्टचाए। यही कारण एमालेले समृद्ध नेपाल सुखी नेपाली बनाउन मिसन–८४ भनेको बताए।

उनले देश अहिले गम्भीर सङ्कटमा रहेको बताउँदै देश जोगाउन राष्ट्रिय शक्ति निर्माणको आवश्यकता रहेको र त्यो राष्ट्रिय शक्ति एमाले भएको बताए। उनले देशमा राष्ट्रिय शक्ति बलियो बनाउन सकिएन भने देश बर्बाद हुन्छ भन्दै देश बर्बाद भएको एमाले हेरेर बस्न सक्दैन भनी बताए।

उनले अहिलेको गठबन्धन सरकार अनियमितता, भ्रष्टाचार र नातावादमा चुर्लुम्म डुबेको र कुहिसकेकोले कुनै पनि बेला खस्ने दाबी गरे। अध्यक्ष ओलीले भने– नेपाली काङ्ग्रेस नै यो सरकारसँग आजित भएको र ऊ नै २०८४ सम्म पर्खेर बस्न सक्दैन। उनले जनतालाई निराश नहुन सुझाउँदै निराश हुनुपर्दैन, अगतिलो सरकार बन्यो अब सच्याउनुपर्ने बताए।

उनले अहिले देशलाई विकास र सुशासन दिने सरकार चाहिएको र त्यो एमाले सरकारबाट मात्र सम्भव हुने दाबी पनि गरे।

मध्यपहाडको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक अवस्था तथा उद्योग, पर्यटनलगायतको सम्भावना बुझ्न एमाले अध्यक्ष ओलीको नेतृत्वमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू महासचिव शङ्कर पोखरेललगायतका पार्टीका नेताहरू प्राविधिक, विज्ञ सम्मिलित टोलीसहित समृद्धिको लागि सङ्कल्प यात्रामा छन्। बैतडीको झुलाघाटमबाट मङ्सिर १४ देखि शुरू भएको यात्रा पुस १ गते पाँचथरको चिवाभन्ज्याङ पुग्ने कार्यक्रम छ।


जाजरकोट केन्द्रविन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भूकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्दार/ सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सकिने व्यहोरा अनुरोध छ।

| बैंकको नाम | खाता नं (चल्ती खाता) |
|---|---|
| राष्ट्रिय वाणिज्य बैंक,पुतलीसडक | ११३०१००००३७६२००१ |
| कृषि विकास बैंक, रामशाहपथ | ००१००२०१००२९०७०१४ |
| नेपाल बैंक लिमिटेड, काठमाडौं | ००२००१००५१००३९००००००१ |
| एभरेष्ट बैंक लिमिटेड,नयाँ बानेश्वर | ००१०११०२२०००१२ |
| स्टान्डर्ड चार्टड बैंक नेपाल लिमिटेड, लाजिम्पाट | ०००१०१३२४३८०१ |
| ग्लोबल आइएमई बैंक लिमिटेड, बानेश्वर | ००४०१०१००००५७ |
| हिमालयन बैंक लिमिटेड, ठमेल | ०१९०५६३१२१००११ |
| नाबिल बैंक लिमिटेड, दरबारमार्ग | १७१००१७५०५२८५ |
| हिमालयन बैंक लिमिटेड, कमलादी | ०१९०५६३१२१००४६ (डलर खाता) |

नेपाल सरकार
विज्ञापन बोर्ड







**लाइटर ...**

आरोप लगाए। उनले सरकार मूल्याङ्कन बढाएर राजस्व वृद्धिको एकतर्फी अभियानमा मात्र लागेको बताए।

उपाध्यक्ष माधव राजपालले सरकारले आयातित वस्तुको आयात रोक्न, प्रतिबन्ध, कोटा निर्धारण वा भन्सार महसूल वृद्धि गर्नुको साटो सामानको खरीद दर नै बढाएर अवैध बाटोबाट विदेशी मुद्रा विदेश पठाउने नीति बनाएको आरोप लगाए। उनले यस्तो गर्दा दुई नम्बरी बाटोबाट डलर विदेशिने सम्भावना बढेको बताए।

उद्योग, व्यापार, आयात, निर्यातलगायत समग्र व्यावसायिक क्रियाकलाप खस्किंदो अवस्थामा व्यावसायिक गतिविधिलाई सहज र निर्बाधरूपमा सञ्चालन गर्ने दिशामा राज्य संयन्त्रको भूमिका केन्द्रित हुनुपर्नेमा सो विपरीत आयातमा गरिएको अव्यावहारिक नियन्त्रणले समस्या सिर्जना गरेको उपाध्यक्ष राजपालको भनाइ थियो। उनले विगतमा तस्करी भयो भनेर केराउ, मरीच, छोहोडा, सुपारीलगायत सामानको आयातमा प्रतिबन्ध लगाएको तर अहिले नेपालमा ती सामान तस्करीको माध्यमबाट छ्याप्छ्याप्ती कारोबार भइरहेको अवस्थामा सरकारले नियन्त्रण गर्न नसकेको बताए। उनले यसबारेमा भारत सरकारको ध्यानाकर्षण गराएर तस्करी रोक्न नसक्नु सरकारको कमजोरी भएको बताए। उनले दुई देशमा आयात हुने वस्तुको भन्सार दर समान कायम गर्दा तस्करी नहुने बताए। उनले सरकारले कुन सामानको भन्सार महसूल, अन्त:शुल्क र अन्य राजस्वको दर कति राख्दा नेपाल र भारतमा कुनै सामान तस्करी हुन्न भनी सोचविचार गरी नीति बनाउनुपर्ने सुझाए।

केही समयदेखि भन्सार राजस्व सङ्कलनमा आइरहेको कमीलाई सूक्ष्मरूपमा विश्लेषण गरी छिमेकी मुलुक तथा अन्तर्राष्ट्रिय बजारबाट आयातित मालवस्तुहरूमध्ये कुन कुन वस्तुहरू औपचारिक माध्यमबाट र कुन कुन वस्तु अनौपचारिक माध्यमबाट आइरहेका छन् सोबारेमा अध्ययन गरी अनौपचारिक माध्यमबाट आइरहेका वस्तुहरूलाई पहिचान गरेर औपचारिक माध्यमबाट ल्याउने नीति लागू गर्न सकिएमा भन्सार राजस्वमा वृद्धि हुने प्रशस्त आधारहरू रहेको उपाध्यक्ष राजपालले बताए।

# खेलकूदको संसार

## मेयरकप क्रिकेट : विवादपछि खेल स्थगित

दिनेश मिश्र, वीरगंज, २८ मङ्सिर/

पोखरियाको शेरा खेलमैदानमा जारी पाँचौं मेयरकप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीवारको खेल विवाद भएर स्थगित भएको छ।



आजको खेल विन्ध्यवासिनी र धोबिनी गाउँपालिकाबीच शुरू भएको थियो। टस जितेर विन्ध्यवासिनी गापाले निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाएर १२२ रन बनाएको थियो।

प्रतिउत्तरमा मैदानमा उत्रेको धोबिनी गापाको टीमले दोस्रो ओभरमा बलमा छक्का मारेको थिउो। विन्ध्यावसिनी गापाका खेलाडीहरूले छक्का नभएको भनी विवाद शुरू गरेका थिए। अम्पायरले समेत छक्का घोषणा गर्दा उनीहरूले मानेनन् र खेल छाडी मैदानबाट बाहिरिए। उनीहरूले प्रतियोगिताबाट आफ्नो सहभागिता पनि रद्द गरेपछि आजको खेल आयोजकले स्थगित भएको घोषणा गरेको थियो।

पोखरिया नपाको सहयोगमा वडा कार्यालय–६ द्वारा आयोजित पाँचौं मेयर कप टी–२० प्रतियोगिताको शुक्रवारको खेल पकाहामैनपुर र कालिकामाई गापाबीच हुने आयोजक कमिटीले जनाएको छ।

## नेपाल सुपर लिग : धनगढी शीर्ष स्थानमा उक्लियो

काठमाडौं, २८ मङ्सिर/रासस

नेपाल सुपर लिग फूटबल प्रतियोगितामा एफसी चितवनलाई पराजित गर्दै धनगढी फूटबल क्लब अङ्कतालिकाको शीर्ष स्थानमा उक्लेको छ।

दशरथ रङ्गशालामा बिहीवार भएको खेलमा धनगढीले चितवनलाई १–० गोलअन्तरले पराजित गर्दै अङ्कतालिकाको शीर्ष स्थानमा उक्लिएको हो। धनगढीको जीतमा आफिज ओलावालेले गोल गरे। उनले खेल सुरुआती दोस्रो मिनेटमा गरेको एक गोल नै धनगढीका लागि निर्णायक गोल साबित भयो। उनले रोहन कार्कीले दिएको पासलाई सदुपयोग गर्दै उत्कृष्ट गोल गरेका थिए।

जीतसँगै धनगढीले पाँच खेलमा तीन खेलमा जीत तथा दुई खेलमा बराबरी खेल्दै ११ अङ्क जोडेको छ। त्यस्तै, हारसँगै चितवन भने छ खेलमा एकमा जीत, दुई खेलमा बराबरी तथा तीन खेलमा हार बेहोर्दै पाँच अङ्क बनाएको छ। चितवन अङ्कतालिकाको सातौं स्थानमा रहेको छ। उक्त लिग अन्तर्गत भोलि साँझ ५ बजे हुने खेलमा झापा फूटबल क्लब र ललितपुर सिटी फूटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ।

## एलपिएल : धनगढी स्पोर्ट्स क्लब सेमिफाइनलमा

कैलाली, २८ मङ्सिर/रासस

धनगढी स्पोर्ट्स क्लब धनगढीमा जारी लिटल फ्लावर प्रिमियर लिग (एलपिएल)को सेमिफाइनलमा प्रवेश गरेको छ। धनगढी स्पोर्ट्स क्लब खप्तड इन्डोर स्पोर्ट्स ट्रेनिङ सेन्टरलाई ६७ रनले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो।

यसअघि नै समूह 'बी'बाट युथ अफ टीकापुर, समूह 'सी'बाट घोडाघोडी क्रिकेट एकेडमी र समूह 'डी'बाट सत्यवती एकेडेमी सेमिफाइनलमा प्रवेश गरिसकेका छन्। धनगढी स्पोर्ट्स क्लबले दिएको १६४ रनको लक्ष्य पछ्याएको खप्तड इन्डोरले १९ दशमलव तीन ओभरमा ९६ रन बनाउँदा सबै विकेट गुमायो। प्लेयर अफ दी म्याच घोषित भएका भुवन कार्कीले आठ विकेट लिने क्रममा चार ओभरमा १८ रन खर्चिए। त्यस क्रममा कार्कीले इनिङ्सको १५औं ओभरमा तीन विकेट तथा १७औं ओभरमा चार विकेट लिएका थिए।

खप्तड इन्डोर स्पोर्ट्सको ब्याटिङमा अभिषेक थापाले सर्वाधिक ४२ रन तथा प्रकाश पाण्डेले ३० रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। यसअघि टस हारेर ब्याटिङ गरेको धनगढी स्पोर्ट्स क्लबले २० ओभरमा पाँच विकेट गुमाएर १६३ रन बनायो।

धनगढी स्पोर्ट्सको लागि ओपनर सुनील धमलाले अर्धशतकीय योगदान दिए। धमलाले ५० बलमा पाँच चौका र दुई छक्का प्रहार गरे। कप्तान भुवन कार्कीले ३६, प्रनीत थापाले २६ तथा अमरसिंह रौटेलाले अविजित १२ रन योगदान दिए। धमलाले दोस्रो विकेटका लागि भुवन कार्कीसँग ८४ रनको तथा तेस्रो विकेटको लागि प्रनीत थापासँग ५४ रनको साझेदारी गरे।

खप्तड इन्डोर स्पोर्ट्सको बलिङमा रवि विष्ट र आर्यन विष्टले दुई/दुई विकेट तथा वीरेन्द्र बमले एक विकेट लिए। लिटल फ्लावर स्पोर्ट्स क्लबको आयोजनामा भएको सो प्रतियोगिताको उपाधि विजेताले रु दुई लाख ५५ हजार र उपविजेताले रु एक लाख २८ हजार पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगितामा काठमाडौं, रौतहट, दाङ, कैलाली र कञ्चनपुरका गरी १६ वटा टीमको सहभागिता छ।

# नगरप्रमुखद्वारा विद्यालय भवनको शिलान्यास

प्रस, बिरुवागुठी, २८ मङ्सिर/

पर्सागढी नगरपालिका–६ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय चैनपुरको चार कोठे भवन निर्माणको शिलान्यास भएको छ।

नगरप्रमुख गोकर्ण पाठकले बिहीवार विद्यालय भवनको शिलान्यास गरे। कार्यक्रममा नगरप्रमुख पाठकले शिक्षा, स्वास्थ्य र सडक पूर्वाधार विकासमा आफ्नो पूरै ध्यान रहेको र सोही अनुसार कार्य भइरहेको बताए।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत छविरमण भट्टराई, प्राविधिक शाखा प्रमुख इन्जिनीयर जङ्गविजय साह, वडाध्यक्ष शेख खुर्सेद, कार्यपालिका सदस्य सविता गिरी, मोहनलाल महतो, वडासदस्य जीतेन्द्र यादव, प्रभु यादवलगायतको सहभागिता थियो।

पर्सागढी नपाको नगर योजना अन्तर्गत रु ७७ लाख ७४ हजार प्राविधिक मूल्याङ्कन रहेकोमा रु ४८ लाख ६८ हजारमा ठेक्का लागेको छ। आगामी असार मसान्तसम्म कार्य सम्पन्न गर्ने चार कोठे भवन निर्माणको ठेक्का बिस्मिल्लाह कन्स्ट्रक्सनले लिएको छ।